महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
नमोबुद्ध नगरपालिका, काभ्रेपलाञ्चोक

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एवं नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण निर्देशनालय, बागमती प्रदेश

पत्र संख्याः २०७८।७९
च.नं. ५९६

मितिः २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
नमोबुद्ध नगरपालिका, काभ्रेपलाञ्चोक ।

कैफियत सहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. यस नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.३ करोड ६ लाख ७४ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रू.१३ लाख ५८ हजार फर्छ्यौट भई रू.२ करोड ९३ लाख १७ हजार बाँकी रहेको छ । बाँकी बेरुजू मध्ये असुल गर्नुपर्ने रू.४ लाख २ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड २९ लाख ४७ हजार, नियमित गर्नुपर्ने रू.५९ लाख ६८ हजार रहेको छ ।पालिकाको गतवर्षसम्म रु.१३ करोड ४९लाख ६२ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.१६ करोड २७ लाख ५२ हजार रहेको छ । नमोबुद्ध नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. यस नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(त्रिलोचन आचार्य)
नायब महालेखापरीक्षक

नमोबुद्ध नगरपालिका, काभ्रेपलाञ्चोक

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
३३	२६	३०६७४	०	८	१३५८	३३	१८	२९३१७	४०२	५९६८	२२९४७	०	०	२८९१५	०

अद्यावधिक बेरुजू स्थिति

२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
काभ्रेपलाञ्चोक	१३४९६२	०	१५२७	१३३४३५	०	२९३१७	१६२७५२

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : नमोबुद्ध नगरपालिका, काभ्रेपलाञ्चोक , नमोबुद्ध नगरपालिका , काभ्रेपलाञ्चोक

पद	**नाम**	**कार्यकाल सुरु मिति**	**कार्यकाल समाप्त मिति**
कार्यालय प्रमुख	राजन पौडेल	२०७७-८-१७	हाल सम्म कार्यरत
लेखा प्रमुख	ॠपु ध्वोज के.सी	२०७८-४-१	
		बेरुजु रकम	३०,६७४,३९९

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		६,४३,८९,६१५	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३८,७५,४८,५१२	चालु खर्च	३६,०९,६३,०००
प्रदेश सरकारबाट अनुदान	७,३७,१०,०००	पूँजीगत खर्च	२६,८४,५१,९६७.९८
राजश्व बाँडफाँट	१२,५९,४९,२१०	वित्तीय/अन्य व्यवस्था	१,३६,६०,०००
आन्तरिक आय	१,५६,४७,०००		
अन्य आय	२,१७,१३,०००		
कुल आय	६२,४५,६७,७२२	कुल खर्च	६४,३०,७४,९६७.९८
बाँकी मौज्दात		४,५८,८२,३६९	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय
स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ११ वडा, ५९ सभा सदस्य, १०२ वर्ग किलोमिटर क्षेत्रफल तथा २९ हजार ५१९ जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>वित्तीय विवरण
<table>
<tr><td colspan="6">वित्तीय प्रतिवेदन</td></tr>
<tr><td colspan="6">आ.व. : २०७७/७८ अवधी : २०७७/०४/०१ - २०७८/०३/३१</td></tr>
<tr><td colspan="6">प्राप्ती भुक्तानी हिसाव</td></tr>
<tr><td rowspan="2">विवरण</td><td colspan="3">यस वर्ष रु.</td><td colspan="2">गतवर्ष रु.</td></tr>
<tr><td>बजेट</td><td>आफैले गरेको प्राप्ति/ भुक्तानी</td><td>जम्मा</td><td>आफैले गरेको प्राप्ति/ भुक्तानी</td><td>जम्मा</td></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td>७०,१७,८६,०८२.३३</td><td>६२,५६,८१,०१३.०४</td><td>६२,५६,८१,०१३.०४</td><td>६९,५५,०३,००४.४९</td><td>६९,५५,०३,००४.४९</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td>६७,८७,३८,६५५</td><td>६०,३९,६७,०२६.६९</td><td>६०,३९,६७,०२६.६९</td><td>५५,१५,१५,९६९.०६</td><td>५५,१५,१५,९६९.०६</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
			११००० कर	१२,५२,५१,५४०	१२,५९,४९,०६०.१७	१२,५९,४९,०६०.१७	९,०९,४५,८४०.०६	९,०९,४५,८४०.०६		
			१३००० अनुदान	४९,५९,२७,११५	४६,२३,७०,४१०.३८	४६,२३,७०,४१०.३८	४०,५८,०१,२१८.५०	४०,५८,०१,२१८.५०		
			संघीय सरकार	४१,६६,९३,५४०	३८,७५,४८,९९८.९३	३८,७५,४८,९९८.९३	३८,२०,८६,५१७.५०	३८,२०,८६,५१७.५०		
			प्रदेश सरकार	७,८१,२३,०००	७,३७,१०,८३६.४५	७,३७,१०,८३६.४५	२,३७,१४,७०१	२,३७,१४,७०१		
			जनसहभागिता	११,१०,५७५	११,१०,५७५	११,१०,५७५	०	०		
			१४००० अन्य राजस्व	५,७५,६०,०००	१,५४,२५,४९२.१४	१,५४,२५,४९२.१४	५,४७,६८,९१०.५०	५,४७,६८,९१०.५०		
			१५००० विविध प्राप्ति	०	२,२२,०६४	२,२२,०६४	०	०		
			ख. अन्य प्राप्ति	२,३०,४७,४२७.३३	२,१७,१३,९८६.३५	२,१७,१३,९८६.३५	१४,३९,८७,०३५.४३	१४,३९,८७,०३५.४३		
			वितरण गर्न बाकी राजस्व	०	०	०	०	०		
			कोषहरु	२,३०,४७,४२७.३३	१,७३,४२,०४४.१६	१,७३,४२,०४४.१६	२,१५,२९,७४८.३३	२,१५,२९,७४८.३३		
			धरौटी	०	४३,७१,९४२.१९	४३,७१,९४२.१९	३८,४८,८१६	३८,४८,८१६		
			संघीय, प्रदेश सरकार वा	०	०	०	११,८६,०८,४७१.१०	११,८६,०८,४७१.१०		

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय							बेरुजु रकम
				अन्य कार्यक्रम							
				भुक्तानी (ग+घ)	७६,६१,७५,६९७.३३	६४,३०,७५,६३३.६७	६४,३०,७५,६३३.६७	६५,०८,६१,२०३.०४	६५,०८,६१,२०३.०४		
				ग. भुक्तानी (सञ्चित कोषबाट)	७४,३१,२८,२७०	६२,९४,१४,८७२.४१	६२,९४,१४,८७२.४१	५१,२४,२५,०१७.९४	५१,२४,२५,०१७.९४		
				२१००० पारिश्रमिक / सुविधा	२३,६९,९२,४०३	२२,१२,३४,३६३.३७	२२,१२,३४,३६३.३७	२०,३६,७२,२३२.०५	२०,३६,७२,२३२.०५		
				२२००० मालसामान तथा सेवाको उपयोग	११,४०,२३,०००	९,४९,९२,९६३.४२	९,४९,९२,९६३.४२	६,२०,१६,२२३.८९	६,२०,१६,२२३.८९		
				२५००० सहायता (Subsidy)	२,८८,८३,०००	२,६८,२१,८५०	२,६८,२१,८५०	९,३७,०००	९,३७,०००		
				२६००० अनुदान	१,२१,६१,०००	१,२०,७४,९४४	१,२०,७४,९४४	३,१७,०१,०२९	३,१७,०१,०२९		
				२७००० सामाजिक	१९,५५,०००	१८,०१,५९२	१८,०१,५९२	५६,३१,०२४	५६,३१,०२४		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
				सुरक्षा						
				२८००० अन्य खर्च	१,३९,००,०००	४०,३७,१९१.६४	४०,३७,१९१.६४	८,८८,६४०	८,८८,६४०	
				३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	३३,५२,१३,८६७	२६,८४,५१,९६७.९८	२६,८४,५१,९६७.९८	२०,६५,८४,९०७	२०,६५,८४,९०७	
				३३००० दायित्व	०	०	०	९,९३,९६२	९,९३,९६२	
				घ. अन्य भूक्तानी	२,३०,४७,४२७.३३	१,३६,६०,७६१.२६	१,३६,६०,७६१.२६	६५,०८,६१,२०३.०४	६५,०८,६१,२०३.०४	
				कोषहरु	२,३०,४७,४२७.३३	७५,८१,२०१	७५,८१,२०१	१,७२,८१,६१२	१,७२,८१,६१२	
				धरौटी	०	६०,८४,२१०.२६	६०,८४,२१०.२६	२५,४६,१०२	२५,४६,१०२	
				संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	०	०	०	११,८६,०८,४७१.१०	११,८६,०८,४७१.१०	
				कट्टी रकम भुक्तानी/		-४,६५०	-४,६५०			

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
			दाखिला गर्न बाकी						
			ङ. यो वर्षको बचत (न्युन)	(६,४३,८९,६१५)	(१,७३,९४,६२०.६३)	(१,७३,९४,६२०.६३)	४,४६,४१,८०१.४५	४,४६,४१,८०१.४५	
			च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)		६,९५,८२,६८०.२६	६,९५,८२,६८०.२६	६,९७,४४,९३२.३८	६,९७,४४,९३२.३८	
			वर्षान्तको बाकी रकम (ङ + च)	(६,४३,८९,६१५)	५,२१,८८,०५९.६३	५,२१,८८,०५९.६३	११,४३,८६,७३३.८३	११,४३,८६,७३३.८३	
			बैंक तथा नगद बाकी		६,२३,४७,७८९.६३	६,२३,४७,७८९.६३	७,९८,०३,८५१.०८	७,९८,०३,८५१.०८	
३			**बिबिध खर्च** विविध खर्च – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले यस वर्ष विविध खर्च शिर्षक अन्तर्गत रु.२७५९६६७। खर्च गरेको देखिएको छ ।						

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४			**गुणस्तर परीक्षण** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान र निर्माण कार्यको सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । यस स्थानीय तहले केहि निर्माण व्यवसायी तथा उपभोक्ता समितिबाट कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।अतःनियमावलीमा भएको व्यवस्थाको पालना गर्नु पर्ने देखिन्छ ।	
५			**सहायता तथा अन्य खर्च** **सहायता तथा कार्यक्रमिक सहयोगः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिकालाई तोकिएको अधिकारमा आर्थिक सहायता तथा कार्यक्रमगत सहयोग दिन मिल्ने व्यवस्था भएको देखिदैन । तर नगरपालिकाले आन्तरिक चालू तथा नेपाल सरकारको चालू खर्च शीर्षकबाट बिरामीको प्रमाण राखी विभिन्न व्यक्तिलाई औषधी उपचार सहायता वापत, पर्व पूजा रथयात्रा जात्रा, तीज कार्यक्रम, र अन्य विभिन्न संघ तथा संस्थालाई विभिन्न सामाग्री, खाजा, खाना, खाद्य सामाग्री, खेलकुद सामाग्री खरिद गरेका बिल र मागको आधारमा खर्चको अनुमानित लागत, स्वीकृत प्रस्ताव, प्रस्ताव अनुसारका खर्चका प्रमाणित बिल भर्पाइ बेगर स्थानिय कला संस्कृति जगेर्ना तथा व्यवस्थापन तथा स्थानीय चाड पर्व पूजा आजा तथा जात्रा संचालन शीर्षकमा रु१४९४५०० खर्च गरेको देखियो। खर्चको अनुमानित लागत र प्रस्ताव अनुसारका प्रमाणित बिल बेगर भुक्तानी गर्दा खरिद गरिएका सामानको दुरुपयोग हुने, वास्तविक कार्यक्रममा खर्च नभई व्यक्ति विशेषलाई फाइदा पुग्ने र भुक्तानी रकम वास्तविक खर्च हो भनि यकिन गर्न सक्ने अवस्था नभएको हुँदा नगरपालिकाले नियम अनुकुल नहुने गरी यस्तो आर्थिक सहायता र कार्यक्रमगत सहयोग उपलब्ध गराउने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।	
६			**तलबी प्रतिबेदन** निजामती सेवा ऐन 2049 को दफा 7 ख 2 वमोजिम तलवी प्रतिवेदन पारित गराएर तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले नगरपालिका अन्तरगतका सम्पूर्ण कर्मचारीहरुको तलबी प्रतिबेदन पारीत नगरी तलब खर्च लेखेको छ जसले गर्दा तलब र ग्रेड रकम सम्बन्धमा यकिन हुन सकेन। पालिकाले ऐनको पालना गर्नु पर्ने देखिन्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७			**कल्याण कोष** कल्याण कोष – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.५००००० । ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी नगरपालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी नगरपालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको उचित नदेखिएकोले यसमा सुधार गर्नु पर्दछ ।	
८			**सार्बजनिक परिक्षण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अन्र्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । विभिन्न सडक, सिचाई, खानेपानी तथा कृषि विकास र पशु विकास लगायतका कार्यक्रको सार्वजानिक सुनवाई गरेको भएपनि सार्वजानिक सुनुवाईको ढाँचा अनुरुप गरेको पाईएन । सार्वजनिक सुनुवाईको लागि तोकिएको फारम भर्ने गरेता पनि केही बाहेक अधिकांश उपभोक्ता समितिको सार्वजनिक सुनुवाइमा सरोकारवालाहरुको न्युन उपस्थिती रहने गरेको, आंशिक कार्यहरुमा खर्चको सार्वजनिकीकरण भनि माइन्युटमा लेखी राख्ने गरेको, फाइलमा राख्ने प्रयोजनको लागी मात्र फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो । त्यसैले सार्वजनिक सुनुवाईको विश्वसनीयता देखिदैन। कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ ।	
९			**आन्तरिक नियन्त्रण प्रणाली** **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । · अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ३२ बमोजिम स्थानीय तहले आफुले गरेको आय र व्ययको चौमासिक विवरण त्यस्तो अवधि समाप्त भएको मितिले १५ दिन भित्र मन्त्रालय तथा प्रदेश समक्ष पेश गर्नु पर्नेमा सो गरेको पाइएन । · स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) अनुसार गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीयअधिकृत विच तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा महाशाखा प्रमुख विच कार्य सम्पादन सम्झौता भएको पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			· स्थानीय तह संचालन ऐन, २०७४ को दफा ८३ अनुसार विषयगत शाखा वा महाशाखा रहेको संगठन संरचना कायम गरी कार्यविवरण तयार गरी लागु गरेको पाइएन । · स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) अनुसार स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु गराउनु पर्नेमा गराएको छैन । · आर्थिक कार्यविधि निमयावली २०६४ को नियम २४ बमोजिम चौमासिक प्रगति विवरण बनाएको छैन । · स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन । · स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नमा चालु र पुँजिगत खाता व्यवस्थित नगरेकोले आर्थिक वर्ष समाप्त भए पश्चात् चालु खर्च खतामा , पुजीगत खर्च खाता र अन्य कोषमा वाँकी मौज्दात फिर्ता भए नभएको एकिन गर्न सकिएन । · राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ प्रणाली मार्फत गर्ने गरेको देखिएन । · अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । · स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । · स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । · पेश्की फछर्योट गर्दा नगद फिर्ता भएको रकम भौचरमा नदेखाइ पुरै खर्च देखाएको छ । जसले वास्तविक खर्चको प्रर्दशन गर्दैन । · दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । · स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था अनुरुप समिति गठन गरेकोमा सो समिति सञ्चालन सम्बन्धी कुनै कार्यविधि बनाएको पाइएन साथै उक्त समितिहरु वैठक बसी भए गरेका निर्णयहरु माग गरेकोमा लेखापरीक्षणको क्रममा पेश हुन नआएकोले गठित समितिहरु क्रियाशिल रहेको पाईएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			·पालिकालेजिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । · सवारी मर्मत आदेश (म.ले.प.फा.नं. ४१५), माग फाराम (म.ले.प.फा.नं. ४०१), खरिद आदेश (म.ले.प.फा.नं. ४०२) र दाखिला प्रतिवेदन (म.ले.प.फा.नं. ४०३) बेगर भुक्तानी गरेको पाइयो । · वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । · निजामति सेवा ऐन, २०४९ क दफा ७ख२ अनुसार तलबी प्रतिवेदन पारित गरेर तलब भुक्तानी गर्नुपर्नेमा तलवी प्रतिवेदन पारित गरेको छैन । जसले गर्दा ग्रेड भिडान हुन सक्ने अवस्था रहेन । · जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार को सुझावहरु कार्यान्वयन गर्नु पर्नेमा गरेको पाईएन । · मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन । · कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । · सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। · स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। · ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। · स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । · स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था अनुरुप सार्वजनिक खरिद नियमावली,२०७६ वनाएकोमा सो नियमावलिलाई कार्यान्वयनमा ल्याएको पाइएन । · सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । · संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			· पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मासो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । · उपभोक्ता समितिबाट सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा पालना भएको पाईएन । · वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । · पालिकाले आफ्नो क्षेत्रभित्र स्थानीय सडकको दायाँ बायाँको अधिकारक्षेत्र को सीमा तोकी सोही आधारमा सडकको निर्माण गर्नु पर्नेमा सो गरेको पाइएन । · संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । · स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियमनिर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म २ ऐन, नियमावली, ५ कार्यविधि १ मापदन्ड निर्माण गरी कार्यान्यनमा ल्याएको छ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ वनाउने तर्फ ध्यान पुर्याउनुपर्दछ । • जिन्सी सम्पत्तीः आर्थिक कार्यविधी नियमावली, २०६४ को परिच्छेद ६ नियम ४६ देखि ५६ सम्म सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत र संरक्षण सम्पत्तीको निरीक्षण लगायत बिभिन्न व्यवस्थाहरु गरेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १३ मा स्थानिय तहको सम्पत्ती संरक्षण सम्वन्धी व्यवस्था गरेको छ ।कार्यालयले नगरपालिका र मातहतका विषयगत शाखा तथा वडा कार्यालयहरुमा रहेका जिन्सी मालबस्तु तथा सम्पत्तीको अभिलेख नगरपालिकाको कार्यालयमा तोकिएको म.ले.प.फारम नं. ४७ र ५२ मा राख्नुपर्नेमा नगरपालिका कार्यालय वडा कार्यालयहरु र विषयगत शाखाहरुको छुट्टा छुट्टै रुपमा राख्ने गरेको देखियो। नगरपालिका कार्यालयको बजेटबाट खरिद गर्ने गरेका मालबस्तु तथा सम्पत्तीको सोही बमोजिम छुट्टा छुट्टै रुपमा आम्दानी बाँधेको जनाएता पनि लेखापरीक्षणमा पेश हुन नआएको हुदा परीक्षण हुन सकेन। नगरपालिका कार्यालयमा रहेको जिन्सी खाता बाहेक वडा र विषयगत शाखाहरुमा रहेका मालबस्तु र सम्पत्तीको जिन्सी निरीक्षण गरी प्रतिवेदन पेश गर्न नियमानुसारको समिति समेत गठन गरेको देखिन आएन।यस प्रकार रहेका जिन्सी सम्पत्तीको उचित र ठोस रुपमा संरक्षण र सदुपयोगको प्रवन्ध गरेको देखिएन।योजना तथा कार्यक्रम संचालनको लागी खरिद गरेका कतिपय जिन्सी मालबस्तु तथा सम्पत्तीहरु जिन्सी खातामा आम्दानी बाँध्ने र सम्वन्धित वडा तथा विषयगत शाखाका कर्मचारी तथा पदाधिकारीले बुझेको आधारमा खर्च घटाउने गरेको तर उक्त मालवस्तु तथा सम्पत्तीहरु सम्वन्धित योजना तथा कार्यक्रम संचालनमा उपयोग भएको देखिन आएन।जस अनुसार मालवस्तु तथा सम्पत्तीको अभिलेख अद्यावधिक गरी पूर्ण	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सदुपयोग र संरक्षण भएको छ भनि आश्वस्त हुन सक्ने अवस्था देखिएन। नगरपालिका कार्यालयले आफु र मातहतका विषयगत र वडा कार्यालयहरुमा रहेका मालबस्तु तथा सम्पत्तीको एकिकृत अभिलेख अद्यावधिक गराउनु पर्ने सबै मालबस्तु तथा सम्पत्तीको एकमुष्ट रुपमा जिन्सी निरीक्षण गराइ प्रतिवेदन लिइ पूर्ण सदुपयोग र संरक्षणको प्रवन्ध गर्नु पर्ने देखिन्छ।यस सम्वन्धमा सम्वन्धित पक्षले यथाशिघ्र ध्यान दिइ सम्पत्तीको यथार्थ अवस्था यकिन गर्नुपर्ने देखियो ।	
१०			**वजेट** **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री रामदेवी तामाङ्ग ले २०७८।०३।१० गते रु. ७४ करोड ३१ लाख २८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।०३।२९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०४।०४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११			**क्षेत्रगत वजेट** क्षेत्रगत बजेट र खर्च- स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।	

मुख्य क्षेत्र	वार्षिक बजेट रु हजारमा	खर्च रकम रु हजारमा	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	३३६९६	२९६२११	२.८
सामाजिक क्षेत्र	३२१५३८	२९६२११	३४.३५
पुर्वाधार विकास	२२२३४८	१८००२८	२८.६
वितिय व्यवस्थापन तथा सुशासन	४२२५२	३४३५६	५.४६
कार्यसंचालन र प्रशासनिक	१२३२९१	९११७१	१४.४८
जम्मा खर्च	७१३१२८	६२९४१४	१००

माथि उल्लेख भएवमोजिम पालिकाले सवैभन्दा न्युन खर्च आर्थिक विकासमा २.८, वित्तीय व्यवस्थापन तथा सुशासनमा ५.४६ र कार्यसञ्चालन र प्रशासनिक खर्चमा १४.४८ गरेको देखिन्छ । पालिकाले खर्च वजेट तर्जुमा तथा खर्च गर्दा यी सुचकहरुमा समानुपातिक हिसावले गर्नेतर्फ ध्यान पुर्याउनुपर्दछ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२			**अवण्डा वजेट** **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले निम्नानुसारका शिर्षकहरुमा एकमुष्ठ रु. १ करोड ३२ लाख १३ हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम सम्बन्धित शाखाबाट कार्यक्रम निश्चित नहुँदै खर्च गर्ने सम्बन्धित विषयगत समितिले पटके निर्णयका आधारमा कार्यक्रम स्विकृत र संसोधन गर्ने तथा सञ्चालित कार्यक्रमलाई नगर कार्यपालिका र नगरसभाबाट पारित गराउने गरेको देखिन्छ । पुँजिगत शिर्षकमा एकमुष्ठ बिनियोजन भएको रकम सम्बन्धित शाखाले चालु कार्यक्रम बनाएको र सोही आधारमा खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	सि.नं	कार्यक्रम	एकमुष्ठ बिनियोजित रकम	खर्च रकम		बेरुजु रकम
				१	पशु विकास शाखा सम्बन्धित कार्यक्रम	२२०००००	२१,९७,१२३		
				२	अपाङ्ग लक्षित कार्यक्रम	३०००००	३,००,०००		
				३	आवधिक योजना निर्माण	१५०००००	१२,४६,४३०		
				४	नगरपालिका स्तरिय डि.पि.आर निर्माण	२५५३०००	२५,५३,२४०		
				५	वालवालिका सम्बन्धित कार्यक्रम	५५००००	१,३५,४५७		
				६	युवा उधमशिलता विकास सम्वन्धित कार्यक्रम	११०००००	७,७६,६२२		
				७	दलित आय आर्जन कार्यक्रम	११००००	६,९५,३५३		
				८	वातावरणमैत्री विशेस कार्यक्रम	५०००००	१,८६,१५१		
				९	शिक्षा शाखा सम्वन्धित कार्यक्रम	२२०००००	१६,९७,३९७		
				१०	स्वास्थ्य शाखा सम्वन्धित कार्यक्रम	२२०००००	१७,०४,९६२		
					जम्मा	१,३२,१३,०००	१,१४,९२,७३५		
१३			**अनुदान फिर्ता** **अनुदान फिर्ताः**संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धितनिकायमा फिर्ता गर्नुपर्ने व्यवस्था बमोजिम खर्च हुन नसकेका शर्त सहितका अनुदान फिर्ता गर्नुपर्ने व्यवस्था छ । यस वर्ष पालिकाले ७१,९८,२८,५३८.८६ आम्दानी प्राप्त गरेकोमा रु६२,९४,१४,८७२.४१ खर्च भई ५१४७१८९७.१७ फिर्ता गर्नुपर्ने साथै ३,८९,४१,७६९.२८ नगद मौज्दात रहेको देखिएकोमा फिर्ता गर्नुपर्ने रकम २०७८।०३।३१ मा फिर्ता गरेको सुत्रको तथ्यांकवाट देखिन्छ ।						

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१४			**चौमासिक खर्च** चौमासिक पूँजीगत खर्च - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	

पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढको मात्र खर्च
		प्रथम	दोस्रो	तेसो	
संघीय, प्रदेश नपा	२६८४५१	१९६८४	३७५२३	२११२४४	१२५२६३
कूल खर्च:	२६८४५१	१९६८४	३७५२३	२११२४४	१२५११५
खर्च प्रतिशत	१००	७.३३	१३.९८	७८.६८	४६.६६

चौमासिक खर्च विवरणको आधारमा खर्चको वर्गिकरण गर्दा कार्यालयले पुँजिगत खर्च गरेका ८ शिर्षक मध्ये १ मात्र शिर्षकमा खर्च भएको देखिन्छ जुन कुल पुँजिगत खर्चको ७.३३ प्रतिशत मात्र रहेको छ । यसै गरी दोश्रो चौमासिकमा १३.९८ प्रतिशत र तेश्रो चौमासिकमा ७८.६८ प्रतिशत र कुल खर्चको ४६.६६प्रतिशत खर्च असारमा मात्र खर्च भएको छ । तेश्रो चौमासिक र असार महिनामा मात्र योजना सञ्चालन भई खर्च भएको देखिन्छ । अन्तिम चौमासिक र असारमामात्र अधिक योजना सञ्चालन हुँदा सवै योजनाको प्रभावकारी अनुगमन हुन नसक्ने प्राविधिक कर्मचारीहरुलाई आफै उपस्थिति भई नापजाँचमा व्यवहारिक कठिनाइ आइपर्ने देखिन्छ । तसर्थ सवै चौमासिकमा तोकिएबमोजिमको कार्यक्रम सञ्चालन गरी भुक्तानी दिने तर्फ ध्यान दिनु पर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१५</td><td></td><td></td><td>
सेवा प्रवाह
सेवा प्रवाहः नगरपालिकाले यस आर्थिक वर्षमा निम्नअनुसार सेवा प्रबाह गरेको विवरण प्राप्त भएको छ । सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनु पर्दछ।
<table>
<tr><th>क्र सं</th><th>विवरण</th><th>सेवा प्राप्तीका लागि निवेदन संख्या</th><th>सिफारिस संख्या</th></tr>
<tr><td>1.</td><td>नागरिकता सिफारिस</td><td>3000</td><td>2550</td></tr>
<tr><td>2.</td><td>घरबाटो सिफारिस</td><td>2150</td><td>2100</td></tr>
<tr><td>3.</td><td>नाता प्रमाणित</td><td>1125</td><td>1100</td></tr>
<tr><td>4.</td><td>जन्म मृत्यु दर्ता</td><td>1800</td><td>1727</td></tr>
<tr><td>5.</td><td>अन्य</td><td>900</td><td>850</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>
न्यायिक समिति
न्यायीक समितिःस्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २३ र यो बर्ष थप भएको १३ गरी कुल ३६ विवाद दर्ता भएकोमा १४ वटा मात्र फछ्यौंट भई २२वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१७</td><td>विभिन्न</td><td>२०७८-३-३०</td><td>
आ व २०७७/७८ मा पालिकाले कोभिड व्यवस्थापनमा गरेको आम्दानी तथा खर्चको विवरणः
विपद व्यवस्थापन कोषः
<table>
<tr><th colspan="4">विपद व्यवस्थापन कोष</th></tr>
<tr><th>आय शिर्षक</th><th>रकम</th><th>व्यय शिर्षक</th><th>रकम</th></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

अल्या	०	कोरोना व्यवस्थापन	१६२७०३३
संघिय सरकार	०	विपद व्यवस्थापन	०
प्रदेश सरकार	०		
नगरपालीका	२५०००००	मौज्दात	८७२९६७
अन्य	०		
जम्मा	२५०००००	जम्मा	२५०००००

औषधी/ स्वास्थ्य सामग्री खरिदः कोभिड सामग्री बापत नमोबुद्ध नगरपालिकाले यी लगायत जम्मा रु १४१७३४० बराबरको औषधी/ स्वास्थ्य सामग्री खरिद गरेको देखियो।

क्र सं	विवरण	परिमाण	रकम
१	Midicine Trally	२	१९००००
२	Water Dispensar	१	९५०००
३	Water filter	१	१६५०००
४	O2 Concentrater	१	११००००
५	O2 Cylinder	३	४५०००
६	Pt. Monitor	१	२२००००
७	Pt Trally	१	८५०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८</td><td>Infarated Thermometer</td><td>१५</td><td>१४२५००</td></tr>
<tr><td>९</td><td>Nebulizer</td><td>१४</td><td>६३०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१४१७३४०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>
सल्लाहकार तथा स्वकीय सचिब खर्चः
सल्लाहकार तथा स्वकीय सचिब खर्चः स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ मा नगर प्रमुख वा अन्य कुनै पदाधिकारीले स्वकीय सचिव वा सल्लाहकार राखी सो वापत सुविधा लिन पाउने व्यवस्था गरेको छैन । नगरपालिकाले निम्नानुसार कानुनी सल्लाहकार राखी सो वापत रु.११६१२०। खर्च लेखेको छ । कानुनी आधार बेगर कानुनी सल्लाहकार राखी खर्च लेख्ने कार्य नियन्त्रण गरिनुपर्दछ ।
<table>
<tr><th>विवरण</th><th>मासिक सुविधा</th><th>कुल भुक्तानि रकम</th><th>कैफियत</th></tr>
<tr><td>प्रेस सल्लाहकार</td><td>३००००</td><td>३६००००</td><td>पारिश्रमिक</td></tr>
<tr><td>नगर प्रमुखको स्वकीय सचिब</td><td>३०२००</td><td>४००६००</td><td>पारिश्रमिक तथा पोशाक खर्च</td></tr>
<tr><td>नगर उपप्रमुखको स्वकीय सचिब</td><td>३०२००</td><td>४००६००</td><td>पारिश्रमिक तथा पोशाक खर्च</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>११६१२००</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१९			**कर्मचारी व्यबस्थापन** प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ९५ दरबन्दी (संघबाट समायोजन भई आएका समेत) स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत समेत ६६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका सिनियर डिभिजन इन्जिनियर १ सहित २७ जनाको पद रिक्त रहेको देखिएको छ । यसरी ठूलो संख्यामा प्राबिधिक तथा अन्य पद रिक्त रही करारमा नियुक्त गरी कार्य गर्दा नगरपालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ ।	
२०			**ढिला दाखिला** ढिला दाखिला - आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (३) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ । गिट्टि ढुंगा वालुवा विक्रिबाट दैनिक रुपमा प्राप्त राजश्व रकम तथा बन्दावन्दीको अवस्थामा नगरपालिकाको कार्यालयले संकलन गरेको अन्य राजश्व र वडा कार्यालयले वार्षिक रुपमा संकलन गरेको राजश्व रकम प्राप्त भएकै दिन दाखिला गरेको देखिएन । राजश्व ढिला दाखिला गर्दा हिनामिना हुनसक्ने सम्भावना रहन्छ । तसर्थ राजश्व प्राप्त हुनासाथ तोकिएको समयमानै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ ।	
२१			**वडागत आम्दानी** वडा अनुसार राजश्व संकलनको व्यवस्थाः नगरपालिकाले पेश गरेको वडागत आन्तरीक आम्दानीको विवरणमा वडाहरुको एकमुष्ट आम्दानी रु.३९३१७७७।०० गरेको देखाएकोमा शीर्षकअनुसार आम्दानी छुट्टिदैन । नगरपालिको विभिन्न वडाको आम्दानी स्तर एकै प्रकारको नभएकाले प्रत्येक वडाको अवसर र संम्भावित आम्दानीका क्षेत्रको पहिचान गरी वडागत लक्ष्य तोक्ने सो को अनुगमन गर्ने र लक्ष्य हासिल गर्न प्रोत्साहित गर्ने गरी करको दायरा बढाउन पहल गर्नु पर्दछ । वडा नं | रकम १ | ३३९३११ २ | ७३८६५३	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>३५९४३८</td></tr>
<tr><td>४</td><td>२५४९०५</td></tr>
<tr><td>५</td><td>३६४१४६</td></tr>
<tr><td>६</td><td>११६१५०</td></tr>
<tr><td>७</td><td>५४२७५०</td></tr>
<tr><td>८</td><td>३२०३९५</td></tr>
<tr><td>९</td><td>२६२८३०</td></tr>
<tr><td>१०</td><td>३५७३४६</td></tr>
<tr><td>११</td><td>२७५८५३</td></tr>
<tr><td></td><td>३९३१७७७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>
समग्र आम्दानी
आम्दानीको स्थितिः स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ५४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्र भित्र कानून अनुसार कर लगाउने तथा असुल गर्नसक्ने व्यवस्था रहेको छ । जस अनुसार नगरले यस वर्ष विभिन्न शिर्षकमा रु.४१४११६०२।०० आम्दानी गरेको देखिन्छ । जसमध्ये भूमिकर मालपोत,सवारी साधन कर पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर, वहाल कर,पार्किङ शुल्क, शीर्षकमा अपेक्षा अनुसार राजस्व संकलन गर्न नसकेको देखिएकोले नगरपालिकाले यस्तो राजस्व वृद्धि गरी करको दायरा विस्तार गर्नेतर्फ ध्यान दिनुपर्दछ ।
<table>
<tr><th>क्र.स</th><th>आय शिर्षक</th><th>आ.व २०७७/०७८ को आय अनुमान</th><th>हाल सम्मको प्रगती बिबरण</th><th>प्रगति प्रतिशत</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
			1	११३१३ सम्पती कर	3000000	2951482	98.38	
			2	११३४ भुमिकर माल्पोत	700000	74039	10.57	
			3	११३२१ घर बाहाल कर	500000	785985	157.19	
			4	११४७९ अन्य मनोरञ्जन कर	40000	0	0	
			5	१४१५१ सरकारी सम्पतीको बहालबाट प्राप्त आय	50000	180000	360	
			6	१४२१३ अन्य बिक्रीबाट प्राप्त आय	400000	751280	187.82	
			7	१४२१९ अन्य सेवाशुल्क तथा बिक्री	45000000	27448898	60.99	
			8	१४२२९ अन्य प्रसासनिक सेवाशुल्क	100000	431970	431.97	
			9	१४२४२ नक्सापास दस्तुर	2000000	1385378	69.26	
			10	१४२४३ सिफारिस दस्तुर	2000000	2374270	118.71	
			11	१४२४४ व्यक्तिगत घट्ना दर्ता दस्तुर	200000	207250	103	
			12	१४२४५ नाता प्रमाणित दस्तुर	200000	209130	104.56	
			13	१४२४९ अन्य दस्तुर	800000	1049326	131.17	
			14	१४२५३ व्यावसाय रजिष्ट्रेरशन दस्तुर	1500000	2516560	62.91	
			15	१४२५४ रेडियो एफएम सञ्चालन दस्तुर	5000	0	0	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>16</td><td>१४२६५ अन्य क्षेत्रको आय खानीरोयल्टी शिक्षा आदि</td><td>1945000</td><td>770510</td><td>39.61</td></tr>
<tr><td>17</td><td>१४३११ न्यायिक दण्ड जरिवाना र जफत</td><td>10000</td><td>2106.66</td><td>21.06</td></tr>
<tr><td>18</td><td>१४३१२ प्रसासनिक दण्ड जरिवाना र जफत</td><td>50000</td><td>51353</td><td>102.7</td></tr>
<tr><td>19</td><td>बेरुजु</td><td></td><td>222064</td><td>0</td></tr>
<tr><td>20</td><td>१४६११ व्यबसाय कर</td><td>2500000</td><td></td><td>0</td></tr>
<tr><td></td><td>जम्मा</td><td>61000000</td><td>41411602</td><td>67.88</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>राजस्व अभिलेख
राजश्वको अभिलेख : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ५ को दफा २७ ले राजश्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गाउँपालिकाले यस वर्ष राजश्व आम्दानी तर्फ दैनिक राजश्व आम्दानी खाता (म.ले.प.फा. नं. १०२), प्राप्त सवै राजश्वको गोस्वारा भौचर (म.ले.प.फा. नं. १०३), राजस्व आम्दानीको शीर्षकगत खाता (म.ले.प.फा. नं. १०४), राजस्व आम्दानीको गोस्वारा खाता (म.ले.प.फा. नं. १०५), राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०६), राजस्व आम्दानीको दैनिक बैङ्क भौचर प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०७) राखेको देखिएन । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा. नं. हरु नराखेकोले राजश्वको लेखापरीक्षणबाट प्राप्त हुनुपर्ने सवै राजस्व प्राप्त गरेको र प्राप्त सवै राजस्व वैङ्क दाखिला गरेको एकिन गर्न सकिएन । आम्दानी जस्तो सम्वेदनशील विषयमा गम्भिर भई अनिवार्य रुपमा राख्नुपर्ने खाताहरुको प्रयोग गरी आन्तरिक आयको लेखालाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>ठेक्का व्यवस्थापन
ढुंगा गिट्टि वालुवा ठेक्काः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दाफा ११ अनुसार यस पालिकाबाट आर्थिक वर्ष २०७७।७८ को संझौता भएको मिति देखि २०७८ असार मसान्त सम्मको लागि ठेक्का व्यवस्थापन गर्न IEE प्रतिवेदन अनुसार विभिन्न ५ स्थानको न्यूनतम (मुल्य अभिवृद्धि कर वाहेक) रु ४५०२००००।०० कायम गरी मिति २०७७।०४।०५ मा सुचना प्रकाशन गरेकोमा संकलित भ्याट सहितको राजश्व रकमलाई व्यतित दिनले भाग गरी</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			प्रतिदिन शुल्क संकलन दर रु १२३३२८।०० यकिन गरी वाँकी २९१ दिनको भ्याट समेत जम्मा रु ४१८१३०९५।०० न्यूनतम अंक कायम गरी सुचना प्रकाशन गरेको देखिन्छ । यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार रहेको छः क) वोलपत्र सुचनाका आधारमा छनौट भएको एस.एण्ड.एम निर्माण सेवाले रु ४१८१३०९५।०० कबोल गरी सोही आधारमा ठेक्का प्रदान गरेको छ । यसरी अमानतबाट संकलित रकम बराबरको मात्र ठेक्का लागेकोले ठेक्का प्रतिस्पर्धी भई अधिक्तम राजश्व प्राप्त भएको भन्न सक्ने अवस्था देखिएन । IEE प्रतिवेदन अनुसार परिमाण नखुलाई अमानतबाट विक्रि गर्ने तथा सोही रकमका आधारमा परिमाण नखुलाई ठेक्का प्रदान गर्ने निर्णयले IEE प्रतिवेदन पालना नहुने देखिएको छ । ख) **राजश्व छुटः** ठेक्काको न्यूनतम अंक गिट्टी,ढुंगा,वालुवा संकलन गर्ने दिनका आधारमा निर्धारण गरेकोमा कोभिड १९ को कारणले देशभर लागु भएको बन्दावन्दीको कारण देखाई ठेकेदारको निवेदनको आधारमा मिति २०७७।१२।११ देखि वन्दावन्दी अवधिसम्म ७४ दिनको रु ६७६०६९४।०० तथा एक पशुपति रोडा ढुंगा प्रा.लि वर्षभरि सञ्चालन नभएको भनी पूरै छुट रु. १०८४१८०८।०० गरी जम्मा रु.१७६०२५०२.२८ राजश्व छुट दिने नगर कार्यपालिकाको मिति २०७८।३।२५ मा निर्णय भएअनुसारको छुट दिएको छ । छुट पछिको ठेक अंक मुल्य अभिवृद्धि कर समेत रु २४२१०५९२।०० कायम भएको छ । ठेक्काको न्यूनतम अंक गिट्टी,ढुंगा,वालुवा संकलन गर्ने दिनका आधारमा परिमाण नखोली निर्धारण गरेको तथा सामानको परिमाण सो भन्दा कम अवधिमा पनि संकल तथा विक्रि गर्न सकिने अवस्था देखिन्छ । सझौता अनुसार ठेकेदारले बन्दाबन्दी नभएको अवधिमा कति परिमाणमा संकलन तथा निकासी गरेको हो, सो एकिन नगरी छुट दिनु मनासिव देखिएन तसर्थ यस्तो छुट दिने कार्यलाई आगामी दिनमा सुधार गर्दे जानुपर्ने देखिन्छ । ग) गिट्टी,ढुंगा,वालुवा संकलनका लागि ठेक्का लगाउँदा परिमाण तोकी संझौता गरेको भएतापनि ठेकेदारले उत्खनन् गर्ने परिमाणको नियन्त्रणको कुनै सूचक र नियन्त्रण संयन्त्र बनाएको देखिदैन । परिमाण नियन्त्रण गर्ने संयन्त्र नभएकोले तोकिएको मात्रा भन्दा घटी वा वढी परिमाणमा उत्खनन् भयो वा भएन एकिन हुन सकेन । यस तर्फ सुधार हुनु पर्दछ । घ) अमानतबाट रकम संकलनः पालिकाले ठेक्का वन्दोवस्त नहुन्जेल २०७७ श्रावण देखि नै अमानतबाट ढुंगा गिट्टी वालुवाको विक्रि तथा निकासी गर्दा ठुलो ट्रिपरको प्रति ट्रिप रु ३०००।००, सानो ट्रिपरको प्रति ट्रिप रु १५००।०० र निसान गाडिको प्रति ट्रिप रु १०००।०० दरले पालिकाबाट करारमा नियूक्त कर्मचारी खटाई ठेक्का नलागेको मिति २०७७।०४।२५ सम्म नगदी रसिदको प्रयोग गरी रु २५८२०००।०० संकलन गरेको छ । ङ) ढुंगा,गिट्टि, वालुवाको करः स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को साबिक दफा ६४ को उपदफा १, १ (च) , ३ र ४ मा ढुंगा, गिट्टी र वालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी वाँडफाँड हुने गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन,२०७५ द्वारा खारेज गरी दफा ६२क थप गरेर स्थानीय तहहरुले गिट्टी,ढुंगा, वालुबा विक्री गरी प्राप्त रकम आफ्नो सञ्चित कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ । यसै सम्बन्धमा बाग्मति प्रदेश सरकारको प्रदेश आर्थिक ऐन,	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			२०७६ को दफा ९ मा संघीय कानुनसंग वाझिने गरी ढुंगा, गिट्टी वालुवा दहत्तर बहत्तरको शुल्क असुली र वाँडफाँट सम्बन्धी व्यवस्था गरेको छ । वागमती प्रदेश आर्थिक ऐन, २०७६ को दफा ९(५) अनुसार ढुंगा,गिट्टी,वालुवा वापत संकलित करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसै गरी संघीय मन्त्रीपरिषद्ले ढुंगा,गिट्टी, वालुवा उत्खनन्, विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७ जारी गरी गिट्टी,ढुंगा, वालुवा विक्रिवापतको राजश्व स्थानीयले संकलन गरी प्रदेश र स्थानीय तह विच क्रमशः ४० र ६० प्रतिशत हुनेगरी वाँडफाँड गर्ने व्यवस्था गरेको छ । जुन स्थानिय सरकार सञ्चालन ऐनको दफा ६२(क) विपरित देखिन्छ । यस नगरपालिकाले गिट्टी,ढुंगा,वालुवा विक्रिबाट प्राप्त रकम मध्ये अमानतबाट रु २५८२०००।०० र ठेक्काबाट पहिलो किस्ता स्वरुप मुल्य अभिवृद्धि कर सहित रु २४२१०५९२।०० समेत यस वर्ष रु २६७९२५९२।०० राजस्व प्राप्त गरेकोमा ठेक्काबाट संकलित रकमको ४० प्रतिशतले हुने रु १०७१७०३७।०० मात्र प्रदेश संचित कोषमा र रु १६०७५५५५।०० स्थानिय सञ्चित कोषमा जम्मा गरेको पाइयो । गिट्टी, ढुंगा , वालुवा विक्रिबाट प्राप्त हुने राजश्व उत्पतीको आधार एवं सो राजस्व संकलन गर्दा पर्ने वातावरणीय असर समग्र प्रदेशसँग सम्बन्धित भएकोले राजस्व वाँडफाँड सम्बन्धी कानुन तर्जुमा गर्दा सो विषयलाई मध्यनजर राखेर संघीय कानुनसंग नबाझिने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने र सो को आधारमा राजस्व संकलन तथा वाँडफाँड गर्नुपर्दछ ।	
२५			**कार्य सम्पन्न प्रतिबेदनः** कार्य सम्पन्न प्रतिबेदनः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ र ९७(११) मा निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ, डिजाइन वा स्पेशिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिकबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नुपर्नु व्यबस्था छ ।पालिकाले यसबर्ष सम्पन्न गरेका अधिकांश निर्माण कार्यको नियमाबलीमा भएको व्यबस्था बमोजिम कार्यसम्पन्न तथा कार्यस्वीकार प्रतिबेदन तयार गरेको नदेखिएकोले कार्यसम्पन्न प्रतिबेदन तयार गरी प्रमाण पेश हुनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२६			**भेरिएसन बेगर भुक्तानी** सार्वजनिक खरिद नियमावली २०६३ को नियम ५४ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई अधिकार प्राप्त अधिकारीले भेरिएसन आदेश दिन सक्नेछ भनी उल्लेख छ ।नगरपालिकाले दाप्चा खोला जलासय व्यबस्थापन कार्यको निर्माण कार्यको निर्माण व्ययशायी श्री महत निर्माण सेवाको कबोल अंक रु.७१६४०२९ को ८०.२१ प्रतिशत रु.५७४६७५६। बराबरको मात्र कार्य सम्पन्न भएको देखिएकोमा सम्झौता भन्दा घटि कार्य गरेको अवस्थामा कारण सहितको भेरिएसन आदेश स्वीकृत गराउनु पर्नेमा स्वीकृत गरेको देखिएन।अतःभेरियसन आदेशको स्वीकृती बेगर ८०.२१ प्रतिशत मात्र भएको कार्यलाइ सम्पन्न गरिने कार्यलाई कानुन सम्मत भएको भन्न मिल्ने नदेखिएको रु	५,७४६,७५६
२७			**अधुरा योजना** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बर्षौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन ।	

निर्माण कार्य	निर्माण व्यवसायी	संझौता मिति	सम्पन्नगर्नुपर्ने मिति	यो बर्ष सम्मको खर्च	भौतिकप्रगति
वडा न. ९ को कार्यालय भवन	जानुका निर्माण सेवा	9/24/2077	7/15/2078	3536610.9	90 प्रतिशत
वडा न. १० को कार्यालय भवन	यूनिक विल्डर्स	9/22/2077	7/15/2078	3349670	85 प्रतिशत
वडा न. ८ को कार्यालय भवन	जानुका निर्माण सेवा	10/16/2077	7/15/2078	4289303.5	95 प्रतिशत

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८			**न्यून प्रतिशपर्धाः** **न्यून प्रतिशपर्धाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४(१) मा आपसमा मिलेमतो गरी दाखिला भएका बोलपत्र प्रस्ताव उपर कारवाही नहुने उल्लेख छ । साथै सार्बजनिक खरिद नियमाबलीमा सार्वजनिक निकायले दुई करोड रुपैंयाँ भन्दा माथिको निर्माण कार्य सम्बन्धी खरिद कारबाहिमा भाग लिने बोलपत्रदाताको वा पूर्व योग्यताको प्रस्तावदाताको योग्यताको आधार निर्धारण गर्दा बिचार पुर्याउनु पर्ने कुराहरु उल्लेख छ । त्यसै गरी नियमाबलीको अनुसूची १ मा आयोजना कार्यक्रमको लागत अनुमान स्वीकृती र खरिद बिधि सम्बन्धि व्यबस्था रहेको छ । नगरपालिकाले पालिका भवन निर्माण फेज दोश्रो को लागि रु ५२०३४००४। मू अ कर समेतको लागत अनुमान तयार गरी बोलपत्र आव्हान गरेकोमा नियमाबलीमा तोके बमोजिमको बोलपत्र सम्बन्धि कागजात तयार गरेको देखिएन । उक्त ठेक्कामा लागत अनुमानकै हाराहारी अर्थात ०.७५ प्रतिशत घटीमा ठेक्का संझौता गरी कार्य सम्पन्न भएको देखियो । जसबाट न्यून प्रतिस्पर्धा भएको देखिएको छ ।	
२९			**बढी भुक्तानी** सम्झौता भन्दा बढी भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ -१ ख मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले दाप्चा नेपाने भञ्याङ गहते फलामे साँघु सडक निर्माणको निर्माण व्यबशायी श्री महत निर्माण सेवा ठे नं NMUN/NCB/Works/2077/78-07 लाई आईटम नं ८ को पानी उपलब्ध गराउने कार्यका लागि बि ओ क्यूमा रु.३०००० भुक्तानी गर्ने गरी सम्झौता भएकोमा बील परीक्षण गर्दा रु.३५६५० भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी भएको रकम रु.५६५० असूल हुनु पर्ने रु	५,६५०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३०			**लागत साझेदारीको कार्यक्रम** लागत साझेदारीमा भैंसी प्रबर्द्धन कार्यः नगरपालिकाले लागत साझेदारीमा भैंसी प्रबर्द्धन कार्यक्रमका लागि १५५ गोटा भैंसी खरिदका लागि प्रति भैंसी रु३५५८७।को दरले ५५१५९८५।को लागत अनुमान तयार गरी आर्थिक अभियानमा सूचना प्रकाशन पश्चात प्रस्ताव आव्ह्यान गरेकोमा पेश भएका २ मध्ये सगुन चौपाया खरिद बिक्री बनेपाको एक थान बोलपत्र मात्र प्राबिधिक र आर्थिक रुपमा पास भएको भनि मिति २०७८।२।१९ मा रु ५४१७२५०।रकममा सम्झौता गरेको छ ।उक्त कार्यको ई बिडको मूल्याँकन परीक्षण गर्दा उक्त फर्मेले कबोल गरेको कबोल अंक रु६१२१४९२।५ देखिएको छ भने कार्यालयले गरेको मूल्यांकनमा निजले कबोल गरेको रु ५४१७२५०। भनी मूल्यांकन भई सोही रकममा सम्झौता भएको देखिएको छ । यसरी बोलपत्र मूल्याँकनमा फरक परेको सम्बन्धमा यकिन हुन सकेन।यसरी खरिद गरिएका भैंसीको २० प्रतिशत कृषकबाट आउनु पर्ने साझेदारी रकम रु१११०५७५। मिति २०७८।३।१५ मा नगरपालिकामा दाखिला भएको छ। यसरी खरिद गरिएका भैंसीहरु नगरपालिका भित्रका बिभिन्न वडाका कृषकलाई बितरण गरेको देखिएको छ। यस्तो अनुदान सम्वन्धित कृषक समूह, किसानले अधिकतम प्रतिफल प्राप्त गर्नेगरी उपयोग गरे नगरेको सम्वन्धमा कार्यालयले नियमित रुपमा अनुगमन गरेको देखिएन । साथै कृषक छनौटको आधार स्पष्ट खुलाएको छैन । उपलब्ध गराएको अनुदानको नियमित अनुगमन गरी सरकारी लगानी सदुपयोग गर्ने सम्बन्धमा प्रतिवेदन प्राप्त गरी अभिलेख राख्ने व्यवस्था हुनु पर्नेमा सो बमोजिम नदेखिदा लगानीको अवस्था र उपयोग मूल्यांकन गर्न सकिएन । अनुदान रकमको पूर्ण सदुपयोग गराउने तर्फ आवश्यक ध्यान दिनुपर्ने देखिन्छ ।	
३१			**बाख्रा बितरण** बाख्रा वितरणः नगरपालिकाले कृषि शाखा सम्बन्धी कार्यक्रम अन्तर्गत लागत साझेदारीमा बाख्रा श्रोत केन्द्र बिकास कार्यक्रममा लागि १२५ गोटा बाख्रा प्रति बाख्रा रु१४९३३ का दरले सिलबन्दी दरभाउपत्रको माध्यमबाट नासिका वाईल्ड एण्ड क्याटलग पोर्डक्ट प्रा लि बनेपा बाट खरिद गरी वितरण गरेको छ । २० प्रतिशत लागत साझेदारीमा गरिएको उक्त कार्यमा कृषकको तर्फबाट प्राप्त हुनु पर्ने रकम रु३७२५००। मिति २०७८।१०।२३ मा आएर मात्र नगरपालिकाको खातामा जम्मा भएको देखिन्छ । यसरी आ ब २०७७।७८ को कार्यक्रमको रकम अर्को आर्थिक बर्षमा आएर दाखिला भएकोमा ढिलो दाखिला गरेकोमा नियमानुसार व्याज असूल गर्नु पर्नेमा असूल गरेको देखिएन साथै वितरण गरिएका बाख्राहरु उमेर खुलाई पशु चिकित्सकबाट प्रमाणित गराई उन्नत जात क्रस भए नभएको जँच गरी वितरण गर्नुपर्नेमा सो गरेको छैन।बिगतमा यस्तै सर्तमा कति कृषकलाई कति संख्यामा बाख्रा वितरण गरिएको थियो र त्यस्ता कार्यक्रमबाट के उपलब्धि भयो सो को उपलब्धि मापन गरेको देखिएन ।साथै बाख्रा पाउने कृषकहरुको अभिलेखिकरण गरेको छैन । जसले गर्दा कार्यक्रमको उपलब्धि यकिन गर्न सकिएन ।	
३२			**सोझै खरिद सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्ः**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			खरिदको प्याकेजः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (१) मा सार्वजनिक निकायले खरिद कार्य गर्दा खरिद मुल्यको आधारमा अपनाउने खरिद बिधिको उल्लेख गरेको छ । उपदफा (२) मा यो ऐन र नियमावली बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था छ । नियमावलीको नियम ७ मा खरिदको गुरु योजना र नियम ८ मा बार्षिक खरिद योजना स्वीकृत गराई खरिद गर्नुपर्ने र नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने सम्वन्धी व्यवस्थाहरु उल्लेख छन । कार्यालयले वार्षिक खरिद योजना बनाई सोही बमोजिम स्वीकृत कार्यक्रम अनुसार खरिद कार्य गर्नुपर्नेमा सो बमोजिम गरेको छैन । विभिन्न कार्यक्रम संचालनको क्रममा खरिद गरेका विभिन्न सामाग्री तथा सम्पत्तीहरु, विभिन्न किसिमका कार्यक्रमको लागी चाहिने सामाग्रीहरु आदिको खरिद कार्य गर्दा साना ठुला सबै कार्यक्रम प्रत्येकको छुट्टा छुट्टै रुपमा कार्यक्रम वाईज सोझै वा दररेट लिएर खरिद गरेको छ । वार्षिक खरिद योजना अनुसार सबै प्रकारका मालवस्तु तथा सम्पत्तीको एकमुष्ट प्याकेज बनाएर सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ ले तोकेको खरिद विधि र प्रकृया पुरा गरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्ने व्यवस्था मिलाउनु पर्नेमा सो बमोजिम नगरी साना ठुला सवै कार्यक्रम वाइज छुट्टा छुट्टै रुपमा खरिद गरिएको छ । जसले गर्दा एउटै सामाग्री समेत कार्यक्रम वाइज पटक पटक खरिद गर्नु परेको एउटै सामाग्रीको मूल्य समेत फरक पर्ने गरेको एउटै सामग्री फरक बिक्रेताबाट एउटै वा फरक मितिमा खरिद गरिएको अवस्था बिद्यमान रहेको देखियो । यस बर्ष रु १५ लाखको मेशिनरी औजार तथा रु२० लाखको फर्निचर तथा फक्चर्स सोझै खरिद गरेको छ । यस्तै वर्ष भरिमा कुन कुन मालवस्तु के कति परिमाणमा के कति मूल्यको खरिद भयो एकमुष्ट अभिलेख अद्यावधिक नगरेबाट यकिन गर्न सकिएन । यसवाट खरिद कार्य व्यवस्थित, कानूनसम्मत, मितव्ययी र प्रतिस्पर्धी रुपमा भयो भन्न सकिने अवस्था देखिएन ।सोझै खरिद गरिएका केही उदाहरणः	

भौ नं	आपुर्तिकर्ता	विवरण	रकम
२२७	प्रशान्त इन्टरप्राइजेज	स्टेसनरी सामाग्रि	३५९२८३
४४	प्रशान्त इन्टरप्राइजेज	कार्यालय सामाग्री	२५१८२३
६७/१७२/१७९/२३०/४४१	आश्रीता अपसेट प्रेस एण्ड स्कृन पिन्टर्स	स्टेसनरी सामाग्री	६२०१८६
३०४	सर्वश्री क्वालिटि प्रिन्टर्स	कार्यालय सामाग्री	३४२६१४
४०८	एडी इन्टरप्राइजेज	कार्यालय सामाग्री	२८३६०४
७५	आइ एम एस प्रा.ली	मोबाइल खरिद	२४९९९९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

सिमित प्रतिश्पर्धामा खरिद:-सार्वजनिक खरिद ऐन अनुसार सार्वजनिक निकायले खरिद प्रकृयामा अधिकतम प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ ,नगरपलिकाले यस आर्थिक वर्षमा टुक्राएर सिमित प्रतिस्प्रधाको माध्यमबाट,एउटै सामानको पनि फरक फरक दररेट राखेर खरिद गरेको देखियो। यसरी नियम बिपरित टुक्रा टुक्रा पारेर खरिद गरेको कार्य नियमसंम्मत नदेखिएकोले पालिकाले एकमुष्ठ रुपमा टेण्डर प्रकृया अपनाई खरिद गर्नुपर्ने देखियो ।

भौचर नं/मिति	विवरण	रकम
३७३/२०७८/०३/०९	स्मार्ट एग्रो सोलुसन प्रा.लिबाट मिनि टेलर खरिद(वडा नं ५)	४,९४,८७५।
४११/२०७८/०३/१७	दुवाल आर एण्ड आरवाट चापकटर खरिद	५,५१,०००।
४१२/२०७८/०३/१७	महत कन्सट्रक्सन सप्लायर्स प्रा.लिबाट मिनि टेलर खरिद	५,५०,०००।
४१५/२०७८/०३/१७	इलेक्ट्रिक पम्प खरिद लाइफ सिड्स उधोग	५,८०,८००।
४५२/२०७८/०३/२२	दुलाल आर एण्ड आरवाट चाफ कटर खरिद	४,८०,०००।
४५९/२०७८/०३/२२	सोविग इन्फोसिसबाट फर्निचर खरिद	१,०३,०००।
४६०/२०७८/०३/२२	लक्ष्मी स्टील तथा सुर्य चन्द्र फर्निचर उधोगवाट फर्निचर खरिद	४,१८,०६०।
४७१/२०७८/०३/२३	नगरपालिका भवन फर्निचर फिक्चर्सवाट कार्पेटिङ खरिद	४,८८,६२३।
४७२/२०७८/०३/२३	केपि हिमाल इन्टरप्राइजेजबाट कार्पेटिङ खरिद	२,६३,४०३।
४८६/२०७८/०३/२४	एस के ट्रेड्रसबाट चापकटर खरिद	३,५२,०००।
५२०/२०७८/०३/२४	ओम सत्य साई मेशिनरी ट्रेडर्सबाट चापकटर खरिद	४,१९,७९०।
५८०/२०७८/०३/२९	ओम सत्य साई मेशिनरी ट्रेडर्सबाट चापकटर खरिद	८,००,५०१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			डीपीआर खर्चः बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा जाँदा फरक किसिमले गराएकोले खर्चको सार्थकता समेत देखिएन ।पालिकाले यस बर्ष डीपीआर कार्यमा रु२५५३२४०।खर्च लेखेको छ। प्रदेश सरकार,संघीय सरकारका विभिन्न निकायबाट कार्यक्रम प्राप्त गर्नका लागि डीपीआर तयार गर्ने तर सो बमोजिम योजना सञ्चालन नहुने देखिएकोले यस तर्फ सुधार गर्नु पर्दछ । डी पी आर गरेका केही उदाहरण	

भौचर नं	कार्यक्रमको नाम	परामर्शदाता	खर्च
४०७	गुरुमैनाली पार्क निर्माण	सिंगटी इ.प्रा.लि	२,४८,०००।
४०८	वाल उधान चिल्ड्रेन पार्क	आईडेटिक ई.एण्ड कन्सल्टेन्सी प्रा.लि	४,९७,०००।
४८९	दाप्चाखोलाको डिपिआर निर्माण(अगिल्लो वर्ष समेत निर्माण भएको)	डिप इन्जिनियरिङ प्रा.ली	४,९४,९४०।
४९२	जनक मा.वि चुवाने सडक	एस.एस.ई प्रा.लि	४,२५,६००।
४९०	दाप्चा वौद्ध स्तुपा निर्माण	थापा कन्सल्टेन्सी	४,९५,५०५।
२८	आरुपारीचौर पुजारी टापु सडक निर्माण	मुनलाईट सिभिल सोलुसन	६,९१,५७०।
१२३	सोतिखोला जलाशय व्यवस्थापन	इंक कन्सल्ट प्रा.लि	४,९५,५०५।
२०३	श्रीराम वस्ती फुस्रे डाँडा वाटो	आर आइ डि इ.	४,९१,५५०।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३३</td><td></td><td></td><td>कर्मचारी करार
कर्मचारी करार – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ५६ जना कर्मचारीहरु सेवा करार तथा ज्यालादारीमा करारमा राखी रु. १९५०३५२५।०० खर्च लेखेको छ ।</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>निर्देशिकाले तोके भन्दा बढी खर्च
खर्चको मापदण्डः अर्थमन्त्रालय कार्य सञ्चालन निर्देशिका,२०७५को बुँदा नं ७.१.१५ मा तालिम, गोष्ठी सेमिनार लगायतका खर्चको मापदण्ड उल्लेख छ।सो मापदण्डलाई आधार लिइ खर्च गर्नुपर्ने प्रावधान छ।कार्यालयले निम्नानुसारका भुक्तानीमा देहायबमोजिम नियम विपरित भुक्तानी दिएकोले बढी भुक्तानी रकम रु १०८८०।असुल गर्नुपर्ने रु
<table>
<tr><th>गो.भौ.नं/मिती</th><th>खर्च विवरण</th><th>निर्देशिकाले तोकेको</th><th>भुक्तानी दर</th><th>संख्या</th><th>बढी भुक्तानी दर</th><th>बढी भुक्तानी</th><th>कर कट्टी</th><th>खुद भुक्तानी</th></tr>
<tr><td rowspan="4">२१४/२०७७।९।२९</td><td>प्रशिक्षक</td><td>८००</td><td>१६००</td><td>४</td><td>८००</td><td>३२००</td><td>४८०</td><td>२७२०</td></tr>
<tr><td>प्रशिक्षक</td><td>८००</td><td>१६००</td><td>४</td><td>८००</td><td>३२००</td><td>४८०</td><td>२७२०</td></tr>
<tr><td>प्रशिक्षक</td><td>८००</td><td>१६००</td><td>६</td><td>८००</td><td>४८००</td><td>७२०</td><td>४०८०</td></tr>
<tr><td>सहजकर्ता</td><td>८००</td><td>१६००</td><td>२</td><td>८००</td><td>१६००</td><td>२४०</td><td>१३६०</td></tr>
<tr><td colspan="8">जम्मा</td><td>१०८८०।</td></tr>
</table></td><td>१०,८८०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३५</td><td></td><td></td><td>जनप्रतिनिधिको सेवा सुविधा
बागमती प्रदेश अन्तर्गत स्थानीय तहका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिलो संशोधन समेत)को दफा ३ (क) (१) मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १ मा उल्लेख भएको भन्दा बढी हुने गरी पादाधिकारी सुविधा दिन मिल्ने देखिदैन । तर पालिकाले उक्त ऐनमा उल्लेख भएको भन्दा बढी हुने गरी जनप्रतिनिधिको सेवा सुविधा अन्तर्गत यातयात बापत कार्यालयले नै सवारी साधन,इन्धन,मर्मतसम्भार खर्च समेत दिइराखेको अबस्थामा पुन जनप्रतिनिधिलाई यातयात खर्च बापत मासिक रु४५०० का दरले निम्नानुसार रु ४३२०००।भुक्तानी दिएको देखिएकोले उक्त भुक्तानीमा कर रु ४३२० कट्टी बाहेकको रकम रु ४२७६८०।सेवा सुबिधा दोहोरो पर्न गएकोले देहायका पदाधिकारीहरुले रकम असुलउपर गर्नुपर्ने रु
<table>
<tr><th>क्र सं</th><th>पदाधिकारीको नाम</th><th>पद</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>कर्मग्याल्वो लामा</td><td>वडा अध्यक्ष</td><td>५४०००</td></tr>
<tr><td>२</td><td>सञ्जिव ढकाल</td><td>वडा अध्यक्ष</td><td>५४०००</td></tr>
<tr><td>३</td><td>रामशरण हुमागाई</td><td>" "</td><td>५४०००</td></tr>
<tr><td>४</td><td>शेर ब.तामाङ</td><td></td><td>५४०००</td></tr>
<tr><td>५</td><td>कुल प्रसाद न्योपाने</td><td>" "</td><td>५४०००</td></tr>
<tr><td>६</td><td>धर्म सिँ.लामा</td><td>" "</td><td>५४०००</td></tr>
<tr><td>७</td><td>मेल ब. लामा</td><td>" "</td><td>५४०००</td></tr>
<tr><td>८</td><td>कृष्ण व.तामाङ</td><td>" "</td><td>५४०००</td></tr>
<tr><td></td><td colspan="2">जम्मा</td><td>४३२०००</td></tr>
</table>
</td><td>४२७,६८०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३६			**खर्चको प्रमाणः** खर्चको प्रमाणः आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमाबली २०७७ को नियम ३९ -५_ अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था रहेको छ ।नगरपालिकाले निम्नानुसारका भौचर नं बाट न्यायिक समितिको बैठक भत्ता तथा अन्य भत्ता भुक्तानी खर्च लेखेकोमा भत्ता रकम बितरण गरेको सक्कल भरपाइ लेखापरीक्षणका लागि पेश हुन नआएको रु	११०,१६०

भौ नं मिति	भुक्तानी रकम कर बाहेक	भत्ताको प्रकार	कैफियत
३०७।०७७।११।१९	७४४६०	अन्य भत्ता	बितरणको भरपाई पेश नभएको
४४६।०७८।३।२	३५७००	प्रहरी चौकीको जग्गा मूल्याँकनको बैठक भत्ता	बितरणको सक्कल भरपाई पेश नभएको
जम्मा	११०१६०		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३७			**कर कट्टीः** कर कट्टीः आयकर ऐन २०५८ मा बहाल कर कट्टी गर्नु पर्ने व्यबस्था छ । नगरपालिकाले VERSP MIS तालिम संचलन गर्दा ल्यापटप भाडामा लिएको देखिएकोमा बहाल कर कट्टी हुनुपर्नेमा अग्रिम आयकर मात्र कट्टी गरेकोले बहाल कर बापतको ८२४०। रकम दाखिला गर्नुपर्ने रु कर कट्टीः आयकर ऐन २०५८ को दफा ८७ तथा ८८ तथा ८९ मा कर कट्टी गर्नु पर्ने व्यबस्था छ । नगरपालिकाले भौ नं ५१२ मिति २०७८।३।२० बाट कर्मचारी प्रोत्साहन तथा पुरस्कार शीर्षकमा नगर प्रमुख देखि कार्यालय सहयोगी सम्मका १४ जनालाई रु.४४४५१०।रकम भुक्तानी गरेकोमा पारिश्रमिक कर रु.६६६७६। कट्टी हुनु पर्नेमा रु. ४४४५ मात्र कट्टी गरेको देखिएकोले बाँकी रकम रु.६२२३१। सम्बन्धितबाट असूल हुनु पर्ने रु.	७०,४७१
३८			**अनुगमन भत्त तथा अन्य भत्ता भुक्तानी** स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संसोधन) ऐन, २०७६ को दफा १२ मा यस ऐन बमोजिम पदाधिकारी, सदस्य तथा सभाका सदस्यका लागि कुनै सुविधा निर्धारण गर्नु पर्दा यस ऐनले तोकि दिएका सुविधालाई अधिकतम सीमा मानेर सम्बन्धित सभाले आफ्नो अधिकारक्षेत्र भित्रको आर्थिक स्रोत तथा क्षमता समेतका आधारमा निर्धारण गर्न सक्ने व्यवस्था छ।यस पालिकाले ऐनमा व्यवस्था नभएको अनुगमन तथा मुल्यांकन वापत पदाधिकारी/कर्मचारीहरुलाई दैनिक रु. १०००। का दरलेअनुगमन भत्ता दिने गरी कार्यपालिकाबाट स्वीकृत गराई निम्नानुसार अनुगमन भत्ता वितरण गरेको छ । ऐनको व्यवस्था विपरित उपलव्ध गराएको सुविधा असूल गर्नु पर्ने देखिएको रु.	५३,३८०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>भौ.न. मिति</th><th>भुक्तानी पाउने</th><th>कर वाहेक भुक्तानी</th></tr>
<tr><td>५३।२०७७।६।२९</td><td>बिजय बिक्रम खनाल</td><td>३४८५०</td></tr>
<tr><td>जम्मा</td><td></td><td>३४८५०</td></tr>
</table>
दोहोरो भुक्तानीः पालिकाले VERSP MIS प्रशिक्षक निर्मल शर्मालाई प्रशिक्षण बापतको रकम भुक्तानी भैसकेको अबस्थामा पुन:कार्यपत्र बापत भनि रु ४०८० करबाहेकको रकम भुक्तानी गरेकोले उक्त दोहोरो परेको रकम असुल उपर गर्नुपर्ने रु
उपस्थिति बेगरको बैठक भत्ताः नगरपालिकाले भौ नं ३३९।२०७७।१२।५ बाट नगरकार्यपालिकाको २०७७ मंसिर देखि फागुन सम्मको नियमित बैठकको बैठक भत्ता भुक्तानी गरेकोमा देहायका पदाधिकारी बैठकमा उपस्थित नभएकोमा पनि भत्ता भुक्तानी लिएको देखिएकोले उपस्थिति बेगरको उक्त रकम असूल हुनु पर्ने रु
<table>
<tr><th>सि नं</th><th>पदाधिकारीको नाम</th><th>भुक्तानी रकम कर बाहेक</th></tr>
<tr><td>१</td><td>राम देबी तामाङ</td><td>८५०</td></tr>
<tr><td>२</td><td>कर्मग्याल्जो लामा</td><td>२५५०</td></tr>
<tr><td>३</td><td>राम शरण हुमागाँई</td><td>८५०</td></tr>
<tr><td>४</td><td>उद्वब प्रसाद काफ्ले</td><td>८५०</td></tr>
<tr><td>५</td><td>बुद्व सिंह तामाङ</td><td>८५०</td></tr>
<tr><td>६</td><td>मेल बहादुर लामा</td><td>१७००</td></tr>
<tr><td>७</td><td>कृष्ण बहादुर तामाङ</td><td>८५०</td></tr>
<tr><td>८</td><td>जानुका पौडेल</td><td>२५५०</td></tr>
<tr><td>९</td><td>स्वेता लामा</td><td>१७००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय
<table><tr><td>१०</td><td>भोले सार्की</td><td>८५०</td></tr></table></th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>११</td><td>गोपीलाल बि क</td><td>८५०</td></tr><tr><td></td><td>जम्मा</td><td>१४४५०</td></tr></table></td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>बैठक भत्ता भुक्तानीः
बैठक भत्ता भुक्तानीः सार्वजनिक खरिद ऐन २०६३ को दफा ७ को उपदफा ३ अनुसार सार्वजनिक निकायले खरिद कारवाही सम्बन्धी खरिद योजना तयार गर्ने लगायतका विभिन्न नियमित कार्यका लागि कार्यवोझ र कार्यप्रकृतिका आधारमा छुट्टै महाशाखा ,शाखा वा इकाइको स्थापना गरी खरिद अधिकारी तोक्न पर्ने व्यवस्था छ । त्यसैगरी अर्थ मन्त्रालयबाट जारी गरिएको कार्यसन्चालन निर्देशिका २०७५ को ७.१.१ अनुसार बैठक भत्ताको मापदण्डमा स्पस्ट विषय र कार्य योजना वेगर बैठक बस्न नपाइने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्रै बस्ने बैठकमा भत्ता प्रदान नगर्ने व्यवस्था छ । पालिकाले सोझै खरिद विधिबाट खरिद गरिएका औषधीहरुको समेत मुल्याङकन समितिको बैठक रु ७२०३७५ बैठक भत्ता भुक्तानी गरेको छ । खरिद इकाइको नियमित कामका लागि समेत सोझै खरिद गरिएका औषधी तथा अन्यको मुल्याङकन समिति बसी वैठक भत्ता खर्च लेख्न मिल्ने नदेखिएकोले उक्त रकम अनियमित देखिएको रु.</td><td>७२०,३७५</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४०	२	२०७७-६-१८	**कण्टिन्जेन्सी रकम कट्टी नगरेको** भकुण्डे कालिमाटी सडक मर्मत उ.सः क)कण्टीन्जेन्सी रकम कट्टी ः सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ (४)वमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा उपनियम (३) को खण्ड ख वमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर,कण्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । नगरपालिका तथा प्रस्तुत उ.स वीच रु.५७९३९१।६२ को लागत अनुमानमा कार्य गर्नेगरी मिति २०७७।०४।१० मा सम्झौता भएकोमा खुद कार्य रु.५८२९२७.९२ देखाई कार्य सम्पन्न प्रतिवेदन पेश गरेकोमा कण्टिन्जेन्सी रकम रु.१४९७०।०० कट्टा गरी वाँकी रकम भुक्तानी गर्नुपर्नेमा गो.भौ.नं ०२ २०७७।०६।१८ वाट भुक्तानी भएकोले सम्वन्धित उ.स वाट असुल हुनुपर्ने रु ख) सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा स्वीकृत नम्स अनुसार लागत अनमान तयार गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिका तथा उपभोक्ता समितिवीच भएको २०७७।०४।१० मा भएको सम्झौता अनुसार सडक स्तरोन्नति गर्ने कार्यका लागि लगत ईस्टिमेटको आईटम नं १ तथा कार्यसम्पन्न विवरण परीक्षण गर्दा लुज ग्राभेल विछ्याउने कार्यका लागि नापी कितावमा ३४६.१७ घ.मि उल्लेख गरेकोमा कार्यसम्पन्न प्रतिवेदनसाथ पेश गरेको खरिद विजकमा उक्त माल उपभोक्ताले जम्मा जम्मी ३४६ घ.मि मात्र पेश गरेको देखिएकोले समग्रमा २८.६२ घ.मि परिमाणमा फरक परेको तथा सोही हिसावले प्राविधिक शाखावाट मूल्याङ्कन भई रु.१६८३.९५ को दरले वढी रु. ४८१९५ गो.भौ.नं ०२ मिति २०७७।०६।१८ वाट भुक्तानी भएकोले सम्वन्धित उपभोक्ता समितिवाट असुल हुनुपर्ने रु.	६३,१६५
४१			**प्रमाण पेश नभएको** **पिपलटार लिफ्ट सिंचाई आयोजनाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार रित पुगे नपुगेको जाँच गरि भुक्तानि दिनु पर्दछ ।यस नगरपालिका तथा उक्त उपभोक्ता समिति वीच २०७८।०१।१० मा कुल रु.३३९७६६२।०० को लागत ईष्टिमेटमा सम्झौता भई वडा नं ८ को लागी समिति मार्फत रु ११६४७७०।- को विभिन्न साइजका एच.डि.पि.ई पाइप तथा फिटीङ्ग सामग्रीहरु खरिद गरेको देखिएकोले प्रतिस्पर्धालाई संस्थागत गरी खरिद गरेको पाइएन । त्यसै गरी उक्त पाइप तथा फिटिङ्ग सामग्रीहरु हस्तान्तरण भई गएकोमा हालसम्म जडान भई नापी किताबमा प्रविष्टि भएको नदेखिएकोले पाइप एवं फिटिङ्ग सामग्री जडान भएको प्रमाण पेश हुनुपर्ने रु.	१,१६४,७७०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४२	२३२	२०७७-१२-२५	**लुज ग्राभेलमा वढी भुक्तानी** कुरुगाँउभालुखर्क रोशीटार मोटरवाटो ग्रावेल सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा स्वीकृत नम्स अनुसार लागत अनमान तयार गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिका तथा उपभोक्ता समितिवीच भएको २०७७।११।१४ मा भएको सम्झौता अनुसार सडक स्तरोन्नति गर्ने कार्यका लागि लगत ईस्टिमेटको आईटम नं ३ तथा कार्यसम्पन्न विवरण परीक्षण गर्दा लुज ग्राभेल विछ्याउने कार्यका लागि नापी कितावमा ३५८ घ.मि उल्लेख गरेकोमा कार्यसम्पन्न प्रतिवेदनसाथ पेश गरेको खरिद विजकमा उक्त माल उपभोक्ताले जम्मा जम्मी २४१ घ.मि मात्र पेश गरेको देखिएकोले समग्रमा ११७ घ.मि परिमाणमा फरक परेको तथा सोही हिसावले प्राविधिक शाखावाट मूल्याङ्कन भई रु.१००३ को दरले वढी रु.११८११९ गो.भौ.नं २३२ मिति २०७७।१२।२५ वाट भुक्तानी भएकोले सम्वन्धित उपभोक्ता समितिवाट असुल हुनुपर्ने रु.	११८,११९
४३	६	२०७७-१२-३१	**स्टोन वर्क** दाप्चा वसेरी सडक निर्माण उ.स सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा स्वीकृत नम्स अनुसार लागत अनमान तयार गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिका तथा उपभोक्ता समितिवीच भएको २०७७।०९।१६ मा भएको सम्झौता अनुसार सडक स्तरोन्नति गर्ने कार्यका लागि लगत ईस्टिमेटको आईटम नं ०४ तथा कार्यसम्पन्न विवरण परीक्षण गर्दा providing and laying local gravel work तथा आईटम नं ०७ stone rubble mesonary work(1:3:6)को कार्यको लागि पालिकाले आर्थिक वर्ष २०७७।७८ का लागि गरेको दर विष्लेषणमा मेटरियल तथा ईक्युपमेण्ट वाहेक लेवरमा मात्र ५ प्रतिशत लागत जोडी दररेट कायम गर्नुपर्नेमा उक्त कार्यको लागि क्रमशः रु ९६८.२९ र ९७०३.१४ निर्धारण गरेकोमा कार्यसम्पन्न विवरणमा उक्त आईटममा १००३.४८ तथा ९९५०.३१ मुल्याकंन गरी उक्त कार्यमा देखाएको परिमाणले खुद कार्यले हुन आउने रु.४७९६६।०० गो.भौ.न ०६ मिति २०७७।१२।३१ वाट वढी भुक्तानी भएकोले सम्वन्धित उ.स वाट असुल हुनुपर्ने रु.	४७,९६६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४४	२५४	२०७८-१-५	**स्टोन वर्क** दलसिंगे वटुकी सडक निर्माण उ.स सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनमान तयार गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिका तथा उपभोक्ता समितिवीच भएको २०७७।११।०३ मा भएको सम्झौता अनुसार सडक स्तरोन्नति गर्ने कार्यका लागि लगत ईस्टिमेटको आईटम नं ०६ तथा कार्यसम्पन्न विवरण परीक्षण गर्दा को कार्यको लागि stone(rubble) mesonary work in 1:6 mortar and lead of 30 पालिकाले आर्थिक वर्ष २०७७।७८ का लागि गरेको दर विष्लेषणमा civil work कार्यको दररेट ९९५०.३१ राखी दर विष्लेषण गर्नुपर्नेमा building work को दररेट रु. १०८२२ राखी मूल्यांकन गरेकोले वास्तविक दर भन्दा वढी दररेट ८७१.६९ ले ३०.५३ घ.मि कार्यले हुन आउने रु. २६६१२।०० गो.भौ.न २५४ मिति २०७८।०१।०५ वाट वढी भुक्तानी भएकोले सम्वन्धित उ.स वाट असुल हुनुपर्ने रु.	२६,६१२
४५	२३७	२०७७-१२-२६	**लुज ग्राभेल** कुरुगाँउ स्वारा विमिरे मोटरवाटो ग्रावेल सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनमान तयार गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिका तथा उपभोक्ता समितिवीच भएको २०७७।११।१४ मा भएको सम्झौता अनुसार सडक स्तरोन्नति गर्ने कार्यका लागि लगत ईस्टिमेटको आईटम नं ३ तथा कार्यसम्पन्न विवरण परीक्षण गर्दा लुज ग्राभेल विछ्याउने कार्यका लागि नापी कितावमा ४०९ घ.मि उल्लेख गरेकोमा कार्यसम्पन्न प्रतिवेदनसाथ पेश गरेको खरिद विजकमा उक्त माल उपभोक्ताले जम्मा जम्मी ३५० घ.मि मात्र पेश गरेको देखिएकोले समग्रमा ५९ घ.मि परिमाणमा फरक परेको तथा सोही हिसावले प्राविधिक शाखावाट मूल्याङकन भई रु.१००३ को दरले वढी रु.५९६३६ गो.भौ.नं २३७ मिति २०७७।१२।२६ वाट भुक्तानी भएकोले सम्वन्धित उपभोक्ता समितिवाट असुल हुनुपर्ने रु.	५९,६३६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४६	०२	२०७७-१०-१८	**ग्याविन वक्स** वढी भुक्तानीः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनमान तयार गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिका तथा उपभोक्ता समितिवीच भएको २०७७।०९।१६ मा भएको सम्झौता अनुसार सडक स्तरोन्नति गर्ने कार्यका लागि लगत ईस्टिमेटको आईटम नं ०३ तथा कार्यसम्पन्न विवरण परीक्षण गर्दा को कार्यको लागि Assmbling mechanical woven gabin boxes/mattresses(2.2 mm box size 2×1×1) पालिकाले आर्थिक वर्ष २०७७।७८ का लागि गरेको दर विश्लेषणमा मेटरियल तथा ईक्युपमेण्ट वाहेक लेवरमा मात्र ५ प्रतिशत लागत जोडी दररेट कायम गर्नुपर्नेमा उक्त कार्यको लागि रु.९४११.७९ दर निर्धारण गरेकोमा कार्यसम्पन्न विवरणमा उक्त आईटममा ९७७२.८६ मुल्यांकन गरी उक्त कार्यमा देखाएको परिमाण ३२० स्कवा.मि खुद कार्यले हुन आउने रु. ११५५३९।०० गो.भौ.न ०२ मिति २०७७।१०।१८ वाट वढी भुक्तानी भएकोले सम्वन्धित उ.स वाट असुल हुनुपर्ने रु.	११५,५३९
४७			**संघिय सशर्त शिक्षातर्फः**	
४७.१	विभिन्न	२०७८-३-३०	**तलबी प्रतिवेदनः** तलबी प्रतिवेदन पारीत नगरी पालिकाले आ व २०७७\२०७८ मा कुल ४० विद्यालयरका वालविकास आधारभुत तह तथा माध्यामिक तहका स्विकृत दरवन्दीमा रहेका शिक्षक,कर्मचारि समेतलाई तलव भत्ता बापत यस वर्ष जम्मा रु १२७९७९००० विनियोजन भएकोमा रु १२७९७८००० रकम निकासा भएको देखिन्छ ।तलबी प्रतिवेदन पारीत नभएकोले तलब तथा ग्रेड रकम यकिन गर्न सकिएन। **नमुना विद्यालयः** गो भौ नं १५२ मिति २०७८\३\२१ नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदान बापत जनक माध्यमिक विद्यालयलाई रु.१५०००००० निकासा गरेकोमा सो को बिल भर्पाई, प्राविधिक मूल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने	१५,०००,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४७.२</td><td>१८९, २११</td><td>२०७८-३-२५</td><td>विद्यार्थीसंख्या भन्दा बढी सहयोगी कार्यकर्ताः प्रारम्भिक वालविकास केन्द्रको राष्ट्रिय न्युनतम मापदण्ड मार्गदर्शक पुस्तिका ,२०६७ को प्रथम संसोधन २०७५ बमोजिम न्युनतम २५जना बालवालिका वरावर एक जना वाल सहयोगी कार्यकर्ता(वाल शिक्षक)हुनुपर्ने व्यवस्था छ । तर पालिकामा सन्चालित देहायका वालविकास केन्द्रहरुमा २५ जनाभन्दा कम बालवालिका रहेका विद्यालयहरुमा पनि २ जना वालशिक्षक राखी संघ ससर्त अनुदान बाट प्रति वालशिक्षक रु.७८०००/- र प्रदेश सरकारबाट रु.१३०००/- र पालिकाबाट रु.१९५००/-गरी देहायबमोजिमको रकम रु.२२१०००/- भुक्तानी दिई थप व्यभार पारेको रकम रु
<table>
<tr><th>विद्यालय</th><th>विद्यार्थी संख्या</th><th>आवश्यक वाल शिक्षक</th><th>नियुक्त वाल शिक्षक</th><th>बढी वाल शिक्षक</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>जनक मावि</td><td>२४</td><td>१</td><td>२</td><td>१</td><td>११०५००</td></tr>
<tr><td>भिमेश्वर आवि फुरबारी</td><td>२४</td><td>१</td><td>२</td><td>१</td><td>११०५००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>२२१०००</td></tr>
</table>
</td><td>२२१,०००</td></tr>
<tr><td>४७.३</td><td>११४</td><td>२०७८-३-९</td><td>निशुल्क स्यानिटरी प्याडः ११४ -२०७८\३\९ मा पालिकाले सिलबन्दी दरभाउपत्र मार्फत सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड सफ्टी हाईजिन प्रा.लि बाट रु १०६१९८९ मूल्य बराबरको १७००० प्याकेट रु.५९.५० को दरले खरिद गरेको छ। पालिकामा कोभिडको कारण जनाउदै अघिल्लो वर्षको समेत मौज्दात देखिएकोमा यो वर्षको समेत स्टोरमै सबै प्याड हालसम्म मौज्दातमै देखिएकोले खरिदको औचित्य पुष्टी हुन सकेन। पालिकाबाट त्यसको अनुगमन हुनुपर्ने तथा म्याद भित्रै समयमा विद्यालयमा पठाएको भर्पाई पेश हुनुपर्ने

शैक्षिक तथा भौतिक पूर्वाधारः१६८-२०७८\३\२२ मा नगरपालिका अन्तर्गतका निम्न विद्यालयहरुलाई शैक्षिक तथा भौतिक पूर्वाधारको रकम निकास भएकोमा सो को सो को बिल भर्पाई तथा पालिकाबाट अनुगमन प्रतिवेदन पेश हुनुपर्ने
<table>
<tr><th>सि न</th><th>विद्यालयको नाम</th><th>कार्यक्रम</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td>५,६४३,१२५</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम

१	बालउज्वल मा वि दाप्चा	विज्ञान प्रयोगशाला	६५००००
२	दाप्चा मा वि दाप्चा	विज्ञान प्रयोगशाला	६५००००
३	मधुरापाटी मा वि फुलबारी	विज्ञान प्रयोगशाला	६५००००
४	कानपुर उ मा वि कानपुर	विज्ञान प्रयोगशाला	६५००००
५	सातमुल मा वि कानपुर	विज्ञान प्रयोगशाला	६५००००
६	जनकल्याण मा वि फुलबारी	ICT	६५००००
७	श्रीकृष्ण उ मावि दाप्चा	पुस्तकालय व्यवस्थापन	६५००००
जम्मा			४५५००००

दिवा खाजाः दिवा खाजाका लागि विद्यालयमा रकम रु ४०४७२८० रकम निकासा भएको देखिन्छ।विद्यार्थि सङ्ख्यालाई आधार मानेर ९३ दिनको प्रतिव्यक्ति रु १५ का दरले रकम भुक्तानी भएको देखियो। कोभिड १९ ले विद्यालय बन्द हुदा सो बापतको रकम खर्च भयो भएन भन्ने यकिन हुन सकिएन।

शिक्षक दरबन्दी र पदपूर्तिः शिक्षा नियमावली २०५९ को नियम १२ क मा सामुदायिक विद्यालय एक आपसमा गाभिनको लागि उक्त नियमावलीको नियम ७७ बमोजिम पहाडी जिल्ला प्रति विद्यार्थि संख्या ४५ नभएको खण्डमा आपसमा गाभ्न सकिने व्यवस्था रहेको छ।नगरपालीका मातहतमा रहेका ४० विद्यालय मध्ये विद्यार्थी संख्या अत्यन्त न्यून रहेका विद्यालय निम्नानुसार छन।पालिकाले नियममा भएको व्यवस्था अनुसार एक आपसमा गाँभि शिक्षाको गुणस्तर वृद्धि गर्नुपर्ने देखिन्छ।

विद्यालय	विद्यार्थि संख्या	शिक्षक दरबन्दी
सेतीदेवी प्रा वि खाक्सी	५ जना	२ जना
कालिका प्रा वि कानपुर	१३ जना	२ जना

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
				जनजागृती प्रा वि कानपुर	११ जना	२ जना		
				रक्तकाली प्रा वि कानपुर	२३ जना	४ जना		
				कालिका प्रा वि बसेरी	१२ जना	२ जना		
				गणेश प्रा वि गहते	१६ जना	४ जना		
				महांकाल प्रा वि कानपुर	१८ जना	२ जना		
				कुशादेवी प्रा वि कानपुर	12 जना	१ जना		
				महांकाल प्रा वि श्यामपाटी	8 जना	१ जना		
			सियुजी सेवा मार्फत सिकाई सहजिकरण कार्यक्रमःसियुजी सेवा मार्फत सिकाई सहजिकरण कार्यक्रमका लागि ४० विद्यालय मध्ये मागको आधारमा २४ वटा विद्यालयहरुलाई फोन मार्फत विद्यार्थीसँग सम्पर्क खर्च भनि प्रति विद्यार्थि रु.१२५ का दरले तीन महिनाको टक टाईम रहने गरी कुल रु.१०९३१२५ निकासा भएकोमा नेपाल टेलिकमको बिल, विद्यार्थिलाई वितरण गरेको भरपाई, विद्यार्थिको सङ्ख्या खुल्ने प्रमाण र सो को अनुगमन प्रतिवेदन पेश हुनुपर्ने अन्यथा असल हुनुपर्ने।					
४८			**संघिय सशर्त स्वास्थ्यतर्फः**					

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४८.१	विभिन्न	२०७८-३-३०	**तलब तथा ग्रेडः** निजामती सेवा ऐन २०४९ को दफा ७(ख) २० अनुसार उपत्यका भित्रका कार्यालयमा कार्यरत निजामती कर्मचारीहरुको तलबी प्रतिवेदन निजामती किताबखानाबाट पारीत गराएर मात्र तलब खर्च लेख्नुपर्ने छ। यस्तै संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १८० मिति २०७६\५\१८ को पत्रबाट स्थानिय तहका कर्मचारी र संघबाट स्थानिय तहमा खटिएका कर्मचारीहरुको जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गर्न परिपत्र गरेको भएतापनि यस नगरपालिकामा कार्यरत स्वास्थ्य सेवातर्फका स्थाई कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगरी पालिकाले आ.व २०७७\७८ मा स्थाई कर्मचारीहरुको तलबी प्रतिवेदन पारीत नगरी खर्च लेखेकोमा के कति दर र संख्यामा ग्रेड बापत खर्च लेखेको हो यकिन गर्न सकिएन।त्यसैले नियमानुसार तलबी प्रतिवेदन पारित गराएर मात्र तलब र ग्रेड बापत खर्च लेख्नुपर्दछ।	
४८.२				

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४८.३</td><td>विभिन्न</td><td>२०७८-३-३०</td><td>नगरपालिकाले विभिन्न समयमा निम्नानुसार फर्मबाट सिमित प्रतिस्पर्धाको आधारमा औषधि खरिद गरेको साथै औषधि एवम सर्जिकल सामान स्टोर दाखिला हुनु अधि स्पेशिफिकेशसनअ नुसार भए नभएको नखुलाएको कारण औषधिको गुणस्तर म्याद सम्बन्धमा यकिन गर्न सकिएन।औषधिहरु खर्च जनाएकोमा सो को व्यवस्थित अभिलेख राखेको छैन।
<table>
<tr><th>सि.नं.</th><th>गो भौ नं. र मिति</th><th>फर्मको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>२०,२०७७\९\१९</td><td>सिम्पानी ट्रेड कन्सर्न</td><td>९८३८९</td></tr>
<tr><td>२</td><td>३९,२०७७\१०\२०</td><td>काठमाडौ आयुर्वेद डिस्ट्रिब्युट्रस</td><td>३९९९७५</td></tr>
<tr><td>३</td><td>५१,२०७७\११\१७</td><td>मेडियस कन्सर्न</td><td>४८७९८७</td></tr>
<tr><td>४</td><td>११३,२०७८\३\</td><td>सर्जु आयुर्वेदिक</td><td>२३५०</td></tr>
<tr><td>५</td><td>१३३,२०७८\३\१६</td><td>मुक्तिनाथ मेडीको फर्मा</td><td>१३३४६५</td></tr>
<tr><td>६</td><td>१७८,२०७८\३\२३</td><td>सर्जु आयुर्वेदिक सप्लायर्स</td><td>२०००००</td></tr>
<tr><td>७</td><td>१८२,२०७८\३\२५</td><td>अतिथि फर्मा एण्ड ट्रेड प्रा.लि</td><td>२१५३०१</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१५३७४६७</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४९	विभिन्न	२०७८-३-३१	**सामाजिक सुरक्षातर्फः** **सामाजिक सुरक्षाः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ७ दफा २३ को खण्ड ख मा प्राप्त लाभग्राही सुचीका आधारमा बैक तथा वित्तिय संस्थाले सम्बन्धित लाभग्राहीका नाममा सामाजिक सुरक्षा विशेष बचत खाता खोली सोको विवरण सुची प्रदान गर्ने निकायमा व्यवस्थापन सुचना प्रणाली कै माध्यमबाट दिनुपर्ने र परिच्छेद ६ दफा १९ मा केन्द्रिकृत व्यवस्थापन सुचना प्रणालीको स्थापना गरी उक्त प्रणालिमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुने प्रावधान छ। पालिकाले यो वर्ष जेष्ठ नागरिक तथा सामाजिक सुरक्षा कार्यक्रमको लागि ४ वटा बैक शाखामार्फत जम्मा रु. १०७४१७४०४ खर्च जनाएकोमारु. १००७७१५९१ खर्च भई रु. ६६४५८१३ मिति २०७८ आश्विन ७-१३ गतेसम्म को ले नि का फिर्ता गरेको भौचर संलग्न छ।कार्यविधिले तोके बमोजिम पालिकाले ११ वटा वडाहरुको सामाजिक सुरक्षा भत्ता वितरणका लागि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ३८५८ जना लाभग्राहीको नाममा बैकमा खाता खोलेको छ।पालिकामा रहेका ४ बैकका शाखा कार्यालयलाई ३ किस्तामा रकम पठाएकोमा उक्त रकम लाभग्राहीको खातामा जम्मा गरिदिएको देखियो ।	
५०			**रित पूर्कको कर** कर बिजक - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले रित पूर्कको कर वीजक बेगर देहायका निर्माण व्यसायीबाट मु.अ.कर रु.३५०५० समेत रु.३०४५७२। को निर्माण कर्य तथा सेवा खरिद गरेको छ । तसर्थ निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.	३५,०५०

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	कर विजकको अवस्था	भुक्तानी	मु अ कर
२१/०७७।७।२	शिबशत्ती उड ईण्डष्ट्रीज	बिजक नं हातले लेखेको	१३०००६	१४९५६
७७।०७७।९।२९	श्री सर्बेश्वर निर्माण सेवा प्रा लि	बिजक नं उल्लेख नभएको	६२१५०	७१५०
२५/ ०७७।३।२९	आर एण्ड बि हार्डवेयर एण्ड सेनेटरी	बिजक नं हातले लेखेको	११२५१६	१२९४४
जम्मा				३५०५०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५१			**बढी दरमा भुक्तानी** **दर विश्लेषणमा ईटाको बढी दर राखी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्वन्धी नर्म्स बमोजीम र नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरि नेपाल सरकार मन्त्रीपरिषदवाट स्वीकृत गराई स्विकृत नर्म्स बमोजीम लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले आ व २०७७।७८ का लागि तयार गरेको नम्स बमोजिमको दर विश्लेषणमा भुईतलामा मेशिनद्वारा वानाईएको ईटा उपलब्ध गराउने गरी कार्य गरेको भनि अनुसार देहायको कार्य गर्नका लागि निम्नअनुसारको दर कायम गरी भुक्तानी दिएकोले बिल परीक्षण गर्दा मेशिनद्वारा वानाईएको ईटा उपलब्ध भएको नदेखिएकोले फरक दरमा भुक्तानी दिएको रु७४२९३ रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल हुनु पर्ने रु	८४,०६५

उपभोक्ता समिति	काम	परिमाण	दर बिष्लेषण अनुसार	भुक्तानी भएको	फरक	रकम
जेष्ठ नागरिक प्रतिष्ठान भवन निर्माण उ स	भुईतलामा १:६ को ईटा उपलब्ध गराउने काम	१६.६३ घ मी	९५८२.४	११३७९.१	१७९६.७	२९८७९
निर्माणाधिन आधारभूत स्वास्थ्य चौकी निर्माण उ स	भुईतलामा १:६ को ईटा उपलब्ध गराउने काम	२४.७२ घ मी	९५८२.४	११३७९.१	१७९६.७	४४४१४
जम्मा						७४२९३

बढी भुक्तानीः उपभोक्ता समितिलाई सम्झौता अनुसार कार्य सम्पन्न भई सकेपछि रकम भुक्तानी दिनु पूर्व दर विश्लेषण, उपभोक्ता समितिले खरिद गरेको विल विजकहरु र कार्य सम्पन्न प्रतिवेदन लगायतका कागजातको जाँच गरी रकम भुक्तानी दिनु पर्दछ । रकम भुक्तानी गर्दा उपभोक्ताले मु.अ.कर लाग्ने समान जस्तै ग्यावीन बक्स, सिमेन्ट, पाइप, जस्ता, आइरन आदि समानमा तिरेको मु.अ.कर पनि जोड गरी सम्झौता अनुसार बढी नहुने गरी रकम भुक्तानी दिनु पर्दछ भन्ने ब्यबस्था छ । पालिकाले बिपद व्यबस्थापन खर्च अन्तर्गत डाँडाकटेरी चगेन डाँडाखर्क तल्लो स्वाँरा मोटरवाटो सुघार उपभोक्ता समिति वडा नं ११ संग बाटो मर्मत कार्यका लागि सम्झौता गरी रु.३८८०००। भुक्तानी गरेकोमा उपभोक्ता समितिले २*१*१* साइजको ग्याबिन बक्स १४ थान खरिद गरेकोमा १५ थान प्रयोग गरेको भनी प्रति थान रु.९७७२ का दरले भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी भएको रु.९७७२ असूल हुनु पर्ने रु.

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५२			**खानेपानी उपभोक्ता समितिलाई अनुदान** खानेपानी उपभोक्ता समितिलाई अनुदानः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले उपनियम १२ बमोजिम हस्तान्तरित आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नु पर्ने सेवा शुल्क तोक्न सक्नेछ र त्यस्तो शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार गर्नु पर्ने व्यवसथा छ । यस पालिका अन्तरगत निर्माण कार्य सम्पन्न भई संचालनमा रहेका निम्नानुसारका योजनालाई विद्युत् महशुलको रकम भुक्तानी गरेको देखिएको छः १) कानपुर १ २ ३ र ४ खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई खानेपानी आयोजना हस्तान्तरण भएको छ । उक्त आयोजनाले खानेपानी वितरण गरी सेवा शुल्क संकलन समेत गर्ने गरेको देखिन्छ । ऐन बमोजिम हस्तान्तरित आयोजनाको सञ्चालन खर्च सोही आयोजनाको आम्दानीबाट गर्नुपर्नेमा यस वर्षको विद्युत् महशुलको विल पेस गरेको आधारमा रु.५०००००। उपभोक्ता समितिलाई भुक्तानी गरेको छ । सम्बन्धित आयोजनाको आम्दानीबाट व्यहोर्नु पर्ने खर्च नगरपालिकाबाट भुक्तानी गर्नुपर्ने आधार प्रमाण पेश गर्नुपर्ने देखिएको रु २) भौ नं १४१।२०७७।११।१४ बाट लालदेबी खानेपानी योजनाको खानेपानी महशुल अनुदान रु.३०००००। तथा मेथिनकोट खानेपानी योजना ख खानेपानी महशुल भुक्तानी भनि रु.१५००००। समेत रु.४५००००। खर्च लेखेको छ । उक्त खर्चलाई पुष्टायाँई हुने प्रमाण कागजात पनि संलग्न छैन साथै सम्बन्धित आयोजनाको आम्दानीबाट व्यहोर्नु पर्ने खर्च नगरपालिकाबाट भुक्तानी गर्नुपर्ने आधार प्रमाण पेश गर्नुपर्ने देखिएको रु.	९५०,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५३</td><td></td><td></td><td>

मेथिनकोट अस्पताललाई भुक्तानी

मेथिनकोट अस्पताललाई भुक्तानीः नगरपालिकाबाट यस बर्ष स्थानिय निकाय अन्तर्गतको प्राथमिक अस्पतालहरुको न्युनतम सेवा मापदण्ड MSS कार्यक्रम संचालन तथा सुद्रिढिकरण तथा स्थानिय निकायमा रहेको सरकारी अस्पताललाई सञ्चालन सहयोग अनुदान शीर्षकमा मेथिनकोट अस्पताललाइ निम्नानुसारको रकम उपलब्ध गराएको देखिएको छ । उक्त रकमको लेखापरीक्षण अस्पतालले गर्ने भन्ने जानकारी नगरपालिकाले जनाएकोमा सो को लेखापरीक्षण प्रतिबेदन पेश भएको छैन ।

<table>
<tr><th>बिबरण</th><th>रकम</th></tr>
<tr><td>प्रदेश सरकार</td><td>५००००००</td></tr>
<tr><td>संघिय सरकार</td><td>२००००००</td></tr>
<tr><td>जम्मा</td><td>७००००००</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>

अनुगमन तथा मूल्यांकन

अनुगमन तथा सम्परीक्षण – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाले लेखापरीक्षणको क्रममा सम्परीक्षणको लागि पेश हुन नआएकोले बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यस वर्षको बेरुजू(B)</th><th>हाल सम्मको बाँकी बेरुजू (C=A-B)</th></tr>
<tr><td>२५०७६०</td><td>३०६७४</td><td>2८१४३४</td></tr>
</table>

</td><td></td></tr>
</table>